# अध्याय : एक
# शोध परिचय

## १.१ पृष्ठभूमि

अनुसन्धान एक खोजमूलक कार्य हो । अनुसन्धानबाट नयाँ नयाँ सत्यको प्रतिपादन हुने गर्दछ । नयाँ सत्यको तथ्यको उद्घाटन गर्नका लागि अनुसन्धान गर्ने गरिन्छ । यहाँ कक्षा नौको नेपाली पाठ्यपुस्तकमा समाविष्ट निबन्ध र कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन गरिएको छ । तत्सम शब्दको बनावट 'तत् र 'सम्' को योगबाट बनेको हुन्छ । 'तत्' को अर्थ त्यसमा र 'सम्' को अर्थ उस्तै वा समान हो । यसले तत्सम शब्दको अर्थ संस्कृत भाषामा प्रयुक्त नेपाली भाषामा पनि उस्तै रूपमा प्रयोग हुने भन्ने अर्थ हुन्छ । संस्कृत भाषाबाट नेपाली भाषामा आउँदा रूपमा कुनै परिवर्तन नभई सोझै आएर प्रयोग भएका शब्दहरूलाई तत्सम शब्द भनिन्छ । यी शब्दहरूले तत्सम शब्दको पहिचान नेपाली भाषाको शाब्दिक अर्थपूर्णताको खाडल पुर्ने कार्य गरेका छन् ।

कक्षा नौमा अध्ययन गर्ने विद्यार्थीहरूका लागि यो अनुसन्धानले भरपुर सहयोग गर्नेछ । यस कक्षाका कथा र निबन्ध विधामा समाविष्ट तत्सम शब्दहरूको निर्माण प्रक्रिया, अर्थ, शब्दवर्ग आवृत्तिको अध्ययन अनुसन्धान गरिएको छ । तत्सम शब्दको बोध क्षमता सबै विद्यार्थीहरूमा निपूर्ण नहुने भएकोले तत्सम शब्दको शोधकार्यले विद्यार्थी शिक्षक वर्गहरूलाई सहज पुऱ्याई, सहयोग पुऱ्याउनेछ ।

यो शोधपत्र तयार गर्नु पूर्व नेपाल सरकार शिक्षा मन्त्रालय पाठ्क्रम विकास केन्द्रद्वारा वि.सं. २०७४/०७५ सालमा प्रकाशित माध्यमिक तहको कक्षा नौको नेपाली पाठ्यपुस्तकमा समाविष्ट निबन्ध र कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन नगरिएकोले यस शीर्षकमा अध्ययन गर्न आवश्यक देखिएको छ ।

## १.२ समस्या कथन

यस अध्ययनमा कक्षा नौको नेपाली पाठयपुस्तकमा समाविष्ट निबन्ध र कथा विधालाई आधार बनाई त्यस विधामा प्रयुक्त तत्सम शब्दहरूलाई निम्न लिखित समस्याका रूपमा अध्ययन गरिएको छ ।

क. कक्षा नौ को नेपाली भाषा पाठ्यपुस्तक कथा र निबन्ध विधामा के कस्ता तत्सम शब्दहरू रहेका छन् ?

ख. ती शब्दहरू शब्दवर्गका आधारमा कस्ता छन् ?

ग. ती शब्दहरूका बनोट वा व्युत्पत्ति के कस्ता छन् ?

घ. ती शब्दहरू अर्थगत आधारमा कस्ता छन् ?

ङ. ती शब्दहरूको आवृतिको अवस्था कस्तो छ ?

## १.३ अध्ययनका उद्देश्यहरू

यो अध्ययन निम्न लिखित उद्देश्यमा केन्द्रित हुनेछ ।

क. कक्षा नौको नेपाली भाषा पाठ्यपुस्तकका कथा र निबन्ध विधामा प्रयुक्त तत्सम शब्दहरू पत्ता लगाउनु,

ख. ती शब्दहरूको शब्दवर्ग पत्ता लगाउनु,

ग. ती शब्दहरूको बनोट वा व्युत्पत्ति देखाउनु,

घ. ती शब्दहरूको अर्थ खोजी गर्नु,

ङ. ती शब्दहरूको आवृत्तिको अवस्था पत्ता लगाउनु,

## १.४ अध्ययनको औचित्य तथा महत्त्व

यस शोधकार्यमा माध्यमिक तह कक्षा नौको नेपाली पाठ्यपुस्तकमा समाविष्ट निबन्ध र कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको व्यवस्थित अध्ययन गरिनेछ । कक्षा नौको नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथा र निबन्ध विधामा प्रयुक्त तत्सम शब्दहरूको खोजी गरी अध्ययन विश्लेषण गर्नु नै यस शोधकार्यको औचित्य र महत्त्व रहेको छ ।

संस्कृत भाषाबाट रूप परिवर्तन नभई (जस्ताको तस्तै) नेपाली भाषमा प्रयोग हुन आएका शब्दलाई तत्सम शब्द भनिन्छ । तत्सम शब्दको प्रयोग बढी भएमा वा तत्सम शब्दको प्रयोगले कथा तथा निबन्धका पाठकहरूमा कतिपय पाठकहरूलाई भाषाको बुझाइमा क्लिष्टता र दुर्वोध्वता जस्ता समस्या सम्भाव्य हुने गर्दछ । यस्तो स्थितिमा कक्षा नौमा अध्ययन गर्ने विद्यार्थी र अध्यापन गराउनुहुने शिक्षकहरूलाई आवश्यक सहयोग र मार्गनिर्देशन दिने कार्य यो शोधकार्यले गर्दछ । यसका साथै माध्यमिक तह कक्षा नौको नेपाली पाठ्यपुस्तकको कथा र निबन्ध विधामा के कति मात्रामा कसरी प्रयोग भएका छन् र सो तहको लागि शब्द स्रोतको आधारमा स्तर अनुकूल छन् छैनन् भन्ने कुराको जानकारी समेत यो शोधकार्यले दिने भएकोले कक्षा नौको पाठयक्रम तथा पाठ्यपुस्तक निर्माण लेखनमा सहयोग पुऱ्याउनेछ । कक्षा नौको नेपाली पाठ्यपुस्तक समाविष्ट निबन्ध र कथा विधामा रहेका तत्सम शब्दको बनोट वा व्युत्पत्ति र शब्दहरूको आवृत्तिको अवस्थाको जानकारी दिने भएकोले यो शोधकार्यले महत्त्वपूर्ण सहयोग पुऱ्याउनेछ ।

यस शोधकार्यले पाठ्यक्रम निर्माताले आगामी दिनमा के कस्ता तत्सम शब्दहरू प्रयोग गर्ने र भएका छन् भन्ने कुराको जानकारी पाठ्यक्रम निर्माण पाठ्यपुस्तक लेखनमा सहयोग पुऱ्याउनेछ । अतः यस शोधकार्यले कक्षा नौमा अध्ययन गर्ने विद्यार्थीहरू, अध्यापन गर्ने शिक्षकहरू, पाठ्यक्रम निर्माता तथा पाठ्यपुस्तक लेखकहरू र अन्य सरोकारवालालाई सहयोग पुगी मार्ग निर्देशन दिने भएकोले यो शोधकार्य महत्त्वपूर्ण रहेको छ ।

## १.५ अध्ययनको सीमा

प्रस्तुत शोधकार्य नेपाल सरकार शिक्षा मन्त्रालय सानोठिमी, भक्तपुरद्वारा प्रकाशित कक्षा नौको नेपाली पाठ्यपुस्तकको कथा र निबन्ध विधामा रहेका तत्सम शब्दहरूको खोजी गर्ने कार्यमा सम्बन्धित रहेको छ । त्यस कथा र निबन्ध विधामा रहेका अभ्यास खण्डलाई समावेश गरिने छैन । यस अध्ययनलाई शोधको प्रयोजन, आर्थिक अभाव, समयको गति, जनशक्तिको अभाव आदि विविध समस्याका कारण निम्न लिखित सीमामा रहेर अध्ययन गरिनेछ ।

क. प्रस्तुत अध्ययन कक्षा नौको नेपाली पाठ्यपुस्तकको कथा र निबन्ध विधामा रहेका तत्सम शब्दहरूको अध्ययनमा सीमित छ ।

ख. निबन्ध र कथाबाट सङ्कलित तत्सम शब्दलाई वर्ग, व्युत्पत्ति र अर्थ छुट्याई राखिएको छ ।

ग. शब्दहरूको अध्ययन, स्रोत र बनोटका आधारमा मात्र गरिएको छ ।

घ. यस अध्ययनमा शब्दहरूको आवृत्ति अवस्था समावेश गरिएको छ ।

ङ. यस अध्ययनमा अभ्यास खण्डलाई समावेश गरिएको छैन ।

च. शब्द अध्ययनका आधारमा आवश्यक सुझावहरू प्रस्तुत गरिएको छ ।

## १.६ पारिभाषिक शब्दहरू

कक्षा नौको नेपाली पाठ्यपुस्तकको निबन्ध र कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययनको क्रममा त्यस निबन्ध र कथामा रहेका केहि पारिभाषिक शब्दहरू निम्नानुसार रहेका छन् ।

तत्सम : संस्कृत भाषाबाट जस्ताको त्यस्तै वा रूप परिवर्तन नभई नेपाली भाषामा आएका शब्दहरू

उपसर्ग : मूल शबदको अगाडि जोडिने सर्ग

प्रत्यय : मूल शब्दको पछाडि जोडिने सर्ग

समास : दुई वा दुईभन्दा बढी शब्दहरू जोडिएर नयाँ शब्द निर्माण हुने प्रक्रिया

द्वित्व : एउटै शब्द दोहोरिएर नयाँ शब्द बन्ने प्रक्रिया

## १.७ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको रूपरेखा निम्नानुसार हुनेछ :

अध्याय एक : शोधपत्रको परिचय

अध्याय दुई : पूर्वकार्यको समीक्षा तथा सैद्धान्तिक धारणात्मक संरचना

अध्याय तीन : अध्ययनको संरचना

अध्याय चार : व्याख्या तथा विश्लेषण

अध्याय पाँच : निष्कर्ष तथा सुझाव

सन्दर्भसूची

## अध्याय : दुई
## पूर्वकार्यको समीक्षा तथा सैद्धान्तिक अवधारणा

### २.१ पूर्वकार्यको समीक्षा

अघिल्लो अनुसन्धानले पछिल्ला अनुसन्धानलाई मार्गनिर्देशन गर्ने भएकाले शोधकार्य गर्नु अगाडि त्यसैसँग सम्बन्धित विषयमा अध्ययन अनुसन्धान लेख रचना टिपोट अप्रकाशित शोध आदिको अध्ययन गर्नु आवश्यक देखिन्छ । नेपाली भाषाको विभिन्न विधामा रहेका तत्सम शब्दहरूको अघिल्लो चरणमा अघिल्ला अनुसन्धानहरूका बारेमा संक्षिप्त चर्चा गरिएको छ । प्रस्तुत शोधकार्य गर्नका निम्ति निम्न लिखित पूर्वकार्यहरू उपयोग गरिनेछ ।

कार्की (२०७०) द्वारा "कक्षा दशको नेपाली पाठ्यपुस्तकमा समाविष्ट निबन्ध र कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन" शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । उक्त शोधकार्यका समस्याहरू : (क) कक्षा १०को नेपाली पाठ्यपुस्तकको कथा र निबन्ध विधामा के कस्ता तत्सम शब्दहरू रहेका छन् ? (ख) कक्षा १०को नेपाली पाठ्यपुस्तकको कथा र निबन्ध विधाका तत्सम शब्दहरू कुन वर्ग र बनोट अन्तर्गत पर्दछन् भन्ने रहेका छन् । उक्त शोधका उद्देश्यहरू : (क) कक्षा १०को नेपाली पाठ्यपुस्तकको निबन्ध र कथा विधामा रहेका शब्दहरूको वर्ग पहिचान गर्नु, (ख) कक्षा १०को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथा र निबन्ध विधामा रहेका तत्सम शब्दहरूको प्रयोगको सान्दर्भिकता केलाउनु, (ग) उक्त तत्सम शब्दहरूको अध्ययनका आधारमा आवश्यक सुझावहरू प्रस्तुत गर्नु रहेका छन् । उक्त शोधपत्रमा पुस्तकालय विधि, पाठ्यपुस्तक विधि, छलफल विधिको प्रयोग गरिएको छ । उक्त शोधको निष्कर्ष शब्दको परिचय र शब्दको वर्गीकरणका आधारलाई प्रष्ट पारिएको छ । कक्षा १०को नेपाली पाठ्यपुस्तकमा समाविष्ट कथा र निबन्ध विधामा रहेका तत्सम शब्दहरूको पदवर्गभित्र नाम शब्द बढी प्रयोग भएको र त्यसपछि विशेषण शब्द बढी मात्रामा प्रयोग भएको निष्कर्ष निकालिएको छ ।

अधिकारी (२०७१) द्वारा "कक्षा नौ र दशको नेपाली पाठ्यपुस्तकमा समाविष्ट निबन्ध विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन" शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । उक्त शोधकार्यका समस्याहरू : (क) कक्षा नौ र दशको नेपाली पाठ्यपुस्तकका निबन्ध विधामा के कस्ता तत्सम शब्दहरू रहेका छन् ? (ख) शब्दवर्गका आधारमा ती शब्दहरू कस्ता छन् ? (ग) ती शब्दहरूको बनोट वा व्युत्पत्ति कस्तो छ ? (घ) ती शब्दहरूको अर्थ के कस्तो छ ? (ङ) ती शब्दहरूको आवृत्ति अवस्था कस्तो छ भन्ने रहेका छन् ? अब उक्त

शोधका उद्देश्यहरू : (क) माध्यमिक तह कक्षा नौ र दशको नेपाली पाठ्यपुस्तकको निबन्ध विधामा प्रयुक्त तत्सम शब्दहरूको पहिचान गर्नु, (ख) ती शब्दहरूको शब्दवर्ग अनुसार वर्गीकरण गर्नु, (ग) ती शब्दहरूको बनोट वा व्युत्पति प्रक्रिया प्रस्तुत गर्नु, (घ) ती शब्दहरूको अर्थ प्रस्तुत गर्नु, (ङ) ती शब्दहरूको आवृत्तिको अवस्था प्रस्तुत गर्नु रहेका छन् । उक्त शोधपत्रमा पुस्तकालयीय स्रोतबाट सामाग्री सङ्कलन गरिएको उक्त शोधमा विश्लेषण विधिको प्रयोग गरिएको छ । उक्त शोधको निष्कर्ष तत्सम शब्दको अर्थ र तात्पर्यलाई प्रष्ट पारिएको छ । कक्षा नौ र दशको नेपाली पाठ्यपुस्तकमा रहेका पाँचवटै निबन्धहरूमा जम्मा ५८३२ शब्द सङ्ख्या मध्ये ६६.४४ प्रतिशत तत्सम शब्दको प्रयोग रहेको निष्कर्ष निकालिएको छ ।

बराल (२०७४) द्वारा “बि.एड. प्रथम वर्षको ऐच्छिक नेपाली अन्तर्गत कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन” शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । उक्त शोधकार्यका समस्याहरू : (क) बि.एड. प्रथम वर्षको ऐच्छिक नेपाली पुस्तकमा रहेको कथा विधामा प्रयुक्त तत्सम शब्दहरू के कस्ता रहेका छन् ? (ख) कथाका तत्सम शब्दहरूको बनोट कस्तो छ ? (ग) शब्दवर्गका आधारमा तत्सम शब्दहरू कस्ता छन् ? (घ) कथाका तत्सम शब्दहरूको आवृत्तिको अवस्था कस्तो छ ? अब उक्त शोधका उद्देश्यहरू : (क) बि.एड. प्रथम वर्षको ऐच्छिक नेपालीको कथा विधामा प्रयुक्त तत्सम शब्दहरू पहिचान गर्नु वा पत्ता लगाउनु, (ख) कथामा रहेका तत्सम शब्दहरूको बनोट प्रक्रिया पत्ता लगाउनु, (ग) तत्सम शब्दको शब्दवर्ग पत्ता लगाउनु, (घ) कथाका तत्सम शब्दको आवृत्तिको अवस्था पत्ता लगाउनु रहेका छन् । उक्त शोधपत्रमा पुस्तकालयीय विधि, पाठ्यपुस्तक विधि र विश्लेषण विधिको प्रयोग गरिएको छ । उक्त शोधको निष्कर्ष तत्सम शब्दलाई शब्द, वर्ग, व्युत्पत्ति, अर्थ, पाठ र पृष्ठ आवृत्ति समेत उल्लेख गरिएको निष्कर्ष निकालिएको छ ।

बस्नेत (२०७१) द्वारा “स्नातक अनिवार्य नेपालीको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन” शीषर्कमा शोधकार्य सम्पन्न गरिएको छ । उक्त शोधकार्यका समस्याहरू : (क) शब्दको वर्गीकरण र तत्सम शब्दको सङ्क्षिप्त परिचय कसरी दिन सकिन्छ ? (ख) स्नातक अनिवार्य नेपालीको कथा विधामा प्रयुक्त तत्सम शब्दहरू के कस्ता रहेका छन् ? र (ग) कथा विधामा समास र द्वित्व शब्दहरू के कस्ता रहेका छन् ? भन्ने रहेका छन् भने उद्देश्यहरू : (क) तत्सम शब्दको वर्गीकरण र शब्दहरूको सङ्क्षिप्त परिचय दिनु, (ख) स्नातक अनिवार्य नेपालीको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको विश्लेषण

गर्नु, (ग) कथा विधामा उपसर्ग र प्रत्यय शब्दहरूको निर्माण प्रक्रिया पहिचान गर्नु र (घ) कथा विधामा समास र द्वित्व शब्दहरूको निर्माण प्रक्रिया पहिचान गर्नु, भन्ने रहेका छन् ? उक्त शोधपत्रमा पुस्तकालय विधि, पाठ्यपुस्तक विधि र विश्लेषण विधिको प्रयोग गरिएको छ । उक्त शोधको निष्कर्ष शब्दको परिचय र शब्दको वर्गीकरणका आधारलाई प्रष्ट पारिएको छ । तत्सम शब्दको अर्थ र तात्पर्यलाई प्रष्ट पारिएको निष्कर्ष निकालिएको छ ।

राई (२०७४) द्वारा "उर्बशी खण्डकाव्यमा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन" शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । उक्त शोधकार्यका समस्याहरू : (क) एम.एड. दोस्रो वर्षको नेपाली पाठ्यपुस्तकको उर्बशी खण्डकाव्यमा के कस्ता तत्सम शब्दहरू रहेका छन् ? (ख) शब्दवर्गका आधारमा ती शब्दहरू कस्ता छन् ? (ग) ती शब्दहरूको बनोट वा व्युत्पत्ति कस्तो छ ? (घ) ती शब्दहरूको आवृत्ति अवस्था कस्तो छ ? भन्ने रहेका छन् । अब उक्त शोधका उद्देश्यहरू : (क) एम.एड. दोस्रो वर्षको नेपाली पाठ्यपुस्तकको उर्बशी खण्डकाव्यमा प्रयुक्त तत्सम शब्दहरूको पहिचान गर्नु, (ख) ती शब्दहरूको शब्दवर्ग अनुसार वर्गीकरण गर्नु, (ग) ती शब्दहरूको बनोट वा व्युत्पत्ति प्रक्रिया प्रस्तुत गर्नु, (घ) ती शब्दहरूको आवृत्तिको अवस्था प्रस्तुत गर्नु रहेका छन् । उक्त शोधपत्रमा पुस्तकालयीय विधिको प्रयोग गरिएको छ । उक्त शोधपत्रको निष्कर्ष तत्सम शब्दको अर्थ र तात्पर्यलाई प्रष्ट पारिएको छ । यस शोधपत्रले स्नातकोत्तर तहमा अध्ययन गर्ने विद्यार्थी र त्यस तहमा अध्यापन गर्ने सम्पूर्ण सरोकारवालाहरू समेतलाई उपयोगी हुने देखिन्छ ।

प्रस्तुत शोधकार्य पूर्व तत्सम शब्द अध्ययन क्षेत्रमा कार्की (२०७०), अधिकारी ( २०७१), बराल (२०७४), बस्नेत (२०७१) र राई (२०७४) ले शोधकार्य सम्पन्न गरेका छन् । पहिलो, दोस्रो, तेस्रो, चौथो र पाँचौ शोधार्थीहरूमध्ये क्रमशः कक्षा दशको नेपाली पाठ्यपुस्तकमा समाविष्ट निबन्ध र कथा विधामा प्रयुक्त तत्सम शब्दको अध्ययन, कक्षा नौ र दशको नेपाली पाठ्यपुस्तकमा समाविष्ट निबन्ध विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन, बि.एड. प्रथम वर्षको ऐच्छिक नेपाली अन्तर्गत कथा विधामा प्रयुक्त शब्दहरूको अध्ययन स्नातक अनिवार्य नेपालीको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन, उर्बशी खण्डकाव्यमा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन शीर्षकमा अध्ययन गरेका छन् भने मेरो अध्ययन कक्षा नौको नेपाली पाठ्यपुस्तकमा समाविष्ट निबन्ध र कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन भएकोले अन्य भन्दा भिन्न र मौलिक छ ।

## २.२ पूर्वकार्यको उपयोगिता/कार्यान्वयन

कुनै पनि कार्यको शुरुवात गर्नुपूर्व त्यससँग सम्बन्धित के-कस्ता कार्यहरू भएका छन् बुझ्नु आवश्यक छ । विगतमा भए गरेका अनुसन्धानले वर्तमानलाई मार्गदिर्नेशन गर्दछ । तत्सम शब्दसँग सम्बन्धित भएर विभिन्न अध्ययन अनुसन्धान भइसकेका छन् । यस अघि कार्की (२०७०) द्वारा "कक्षा १० को नेपाली पाठ्यपुस्तकमा समाविष्ट निबन्ध र कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन" शीर्षकमा शोधकार्य सम्पन्न गरेका छन् । यस शोधमा जम्मा तत्सम शब्द, नाम वर्गमा, विशेषण वर्गमा तत्सम शब्दहरूको गणना गर्दै कथा र निबन्ध विधामा रहेका तत्सम शब्दहरूको वर्ग, व्युत्पत्ति, अर्थ, पाठ र पृष्ठसङ्ख्या उल्लेख गरेका छन् । त्यस्तै अधिकारी (२०७१) द्वारा "कक्षा नौ र दशको नेपाली पाठ्यपुस्तकमा समाविष्ट निबन्ध विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन" शीर्षकमा शोधकार्य सम्पन्न गरेकी छिन् । यस शोधपत्रमा तत्सम शब्दहरू कस्ता छन्, शब्दहरूको बनोट, शब्दको अर्थ, शब्दहरूको आवृत्ति, जम्मा शब्द सङ्ख्या उल्लेख गरेकी छिन् । त्यसैगरी बराल (२०७४) द्वारा "बि.एड. प्रथम वर्षको ऐच्छिक नेपाली अन्तर्गत कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन" शीर्षकमा शोधकार्य सम्पन्न गरेकी छिन् । यस शोधपत्रमा तत्सम शब्दहरूको पहिचान, बनोट, शब्दवर्ग र आवृत्तिको अवस्था, व्युत्पत्ति अर्थ, पाठ र पृष्ठ समेत उल्लेख गरेकी छिन् । त्यस्तै बस्नेत (२०७१) द्वारा "स्नातक अनिवार्य नेपालीको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन" शीर्षकमा शोधकार्य सम्पन्न गरेका छन् । उक्त शोधपत्रमा शब्दवर्ग, शब्द निर्माण प्रक्रिया, अर्थ र पृष्ठसङ्ख्या समेत उल्लेख गरेका छन् । त्यसैगरी राई (२०७४) द्वारा "उर्बशी खण्डकाव्यमा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन" शीर्षकमा शोधकार्य सम्पन्न गरेकी छिन् । यस शोधपत्रमा तत्सम शब्दहरूको पहिचान बनोट प्रक्रिया, शब्दवर्ग, अर्थ र आवृत्तिको अध्ययन गरिएको छ । यो विषयसँग सम्बन्धित रहेर शोधकार्य कसैले पनि नगरिएकोले यसका लागि शोध निर्देशक तथा विषयविज्ञसँग सहयोग लिँदै तयार पारिएको हुनाले यसको मौलिकतामा विश्वास गर्न सकिन्छ ।

## २.३ सैद्धान्तिक र धारणात्मक संरचना

यस शोधपत्र तयार गर्नका लागि यस भन्दा अगाडिका अनुसन्धानलाई सुक्ष्म रूपमा अध्ययन गरिएको छ । यस अनुसन्धानलाई पूर्ण रूपमा तयार पार्न नेपाली वृहत शब्दकोश, हेमाङ्गराज अधिकारीको प्रयोगात्मक शब्दकोश र कक्षा नौको नेपाली पाठ्यपुस्तक त्यसैगरी कृष्णहरी बराल र नेत्र एटमको व्याकरणको अभ्यासलाई आधार मानिएको छ ।

### २.३.१ स्रोतका आधारमा शब्दको वर्गीकरण

नेपाली भाषामा विभिन्न स्रोतबाट आएका शब्दहरू प्रशस्त छन् । नेपाली भाषाको शब्दभण्डारलाई हेर्दा यसमा नेपाली भाषाका आफ्नै शब्द लगायत विभिन्न भाषाबाट आएका धेरै शब्दहरू रहेका छन् । नेपाली भाषामा स्रोतका आधारमा शब्दहरू निम्न प्रकारमा विभाजन गर्न सकिन्छ ।

अ. मौलिक शब्द

आ. आगन्तुक शब्द

**अ. मौलिक शब्द**

संस्कृत शब्दबाट नेपाली भाषामा आएका शब्दलाई मौलिक शब्द भनिन्छ । नेपाली भाषाका मौलिक शब्दहरू संस्कृतबाट आएका हुन् । नेपाली भाषा भारोपेली भाषा परिवारको संस्कृत भाषाबाट प्राकृत हुँदै विकास भएकोले संस्कृत भाषाबाट आएका शब्दहरूलाई मौलिक शब्द भनिन्छ । मौलिक शब्द निम्न दुई प्रकारका छन् :–

क. तत्सम शब्द

ख. तद्भव शब्द

**क. तत्सम शब्द**

संस्कृत भाषाबाट रूप परिवर्तन नभई जस्ताको त्यस्तै नेपाली भाषामा आएका शब्दहरू तत्सम शब्द हुन् । संस्कृतमा 'तत्' को अर्थ त्यो र 'सम्' को अर्थ समान भन्ने हुन्छ । यस अर्थमा संस्कृत समान नेपालीमा प्रयोग भएका शब्दहरू तत्सम शब्दहरू भन्ने हुन्छ ( ने.बृ.श., २०४०:५८२) । जस्तै :- आकाश, पृथ्वी, पुष्टि, पाठशाला, राजा, प्रजा, आदि ।

**ख. तद्भव शब्द**

संस्कृतबाट प्राकृत हुँदै नेपाली भाषामा आइपुग्दा अप्रभंश भएर वा रूप फेरिएर प्रयोग भएका शब्द तद्भब शब्द हुन् । तद्भबको अर्थ त्यसबाट भएको भन्ने हो । संस्कृत भाषाबाट विभिन्न चरणहरूमा परिवर्तित र विकसित हुँदै आएका शब्दहरूलाई तद्भव शब्द भनिन्छ, जस्तै :

| संस्कृत | प्राकृत | नेपाली |
|---|---|---|
| अग्नि | अग्नि | आगो |
| कर्म | कम्भ | काम |
| चक्र | चक्का | चक्का |

**आ.  आगन्तुक शब्द**

संस्कृत भन्दा वाहेकका र अन्य भाषाबाट नेपाली भाषामा आएका शब्दहरू आगन्तुक शब्द भनिन्छ । आगन्तुक स्रोतमा भारोपेली परिवार र अभारोपेली परिवारबाट आएका शब्दहरू पर्दछन् । आगन्तुक शब्द निम्न दुई प्रकारका हुन्छन् :

क.  देशज

ख.  विदेशज

**क.  देशज**

आफ्नै देशभित्र विभिन्न प्रकारका भाषा तथा भाषिकाबाट नेपाली मानक भाषामा आएका नेपाली शब्दहरू देशज आगन्तुक शब्द हुन्, जस्त : घेवा, ल्होछार, क्वाँटी, रोदी, योमरी, आदि ।

**ख.  विदेशज**

नेपालमा बोलिने तर अन्य देशका भाषाबाट आगमन भएका शब्दहरूलाई विदेशज आगन्तुक शब्द भनिन्छ, जस्तै : जेल, चाउचाउ, चाउमिन, बाकस, कैँची, आदि ।

# अध्याय : तीन

# अध्ययन विधि र प्रक्रिया

## ३.१ अध्ययनको संरचना

कक्षा नौको नेपाली पाठ्यपुस्तकमा समाविष्ट निबन्ध र कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन गरिने हुनाले प्रस्तुत शोधपत्र सङ्ख्यात्मक प्रकृतिको रहनेछ । सङ्ख्यात्मक रूपमा तत्सम शब्दहरूको खोजी गरेर ती शब्दहरूको शब्दवर्ग बनोट, प्रक्रिया, अर्थ, पृष्ठसङ्ख्या र आवृत्तिका आधारमा विश्लेषण गरिने हुँदा यसमा पुस्तकालयीय विधि, पाठ्यपुस्तक विधि र विशलेषण विधिको प्रयोग गरिएको छ ।

## ३.२ जनसङ्ख्या र नमुना

अनुसन्धान कार्य तथ्य, प्रमाणका आधारमा मात्र सम्पन्न हुने गर्दछ । सामाग्री सङ्कलनका गर्नका लागि जनसङ्ख्या र नमुनाका रूपमा कक्षा नौको नेपाली पाठ्यपुस्तकमा समाविष्ट निबन्ध र कथा विधामा प्रयुक्त तत्सम शब्दहरूलाई लिइएको छ ।

## ३.३ नमुना छनोट प्रक्रिया

यस शोधपत्रमा कक्षा नौको नेपाली पाठ्यपुस्तकमा भएका निबन्ध र कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको छनोट गर्दा उद्देश्यमूलक नमुना छनौटको प्रयोग गरिएको छ । उक्त तत्सम शब्दहरूलाई जनसङ्ख्याको रूपमा लिई पुस्तकालयीय विधि अपनाइ सामाग्री सङ्कलन गरिएको छ ।

## ३.४ तथ्याङ्क सङ्कलनका साधनहरू

प्रस्तुत शोधपत्रका लागि निम्न लिखित २ वटा स्रोतबाट सामाग्री सङ्कलन गरिएको छ ।

### क. प्राथमिक स्रोत (सामाग्री)

प्रस्तुत शोधपत्र कक्षा नौको नेपाली विषयको निबन्ध र कथा विधामा रहेका तत्सम शब्दहरूको अध्ययनमा केन्द्रित रहेकाले कक्षा नौको नेपाली पाठ्यपुस्तकलाई नै प्राथमिक सामाग्रीको रूपमा लिइएको छ ।

### ख. द्वितीयक स्रोत (सामाग्री)

यस शोधपत्रको द्वितीय स्रोतका रूपमा सैद्धान्तिक अध्ययनका निम्ति नेपाली भाषा व्याकरणका पुस्तकहरू भाषा विज्ञानका पुस्तकहरू, अप्रकाशित शोधपत्रहरू, शब्दकोशहरू र शिक्षक सुझाव र निर्देशनलाई लिइएको छ ।

### ३.५ तथ्याङ्क सङ्कलन प्रक्रिया

शोध तथा अनुसन्धान कार्य तथ्यमा आधारित हुन्छ । तथ्याङ्क सङ्कलन कार्य तथ्यमा आधारित भएकोले यसका विधि पनि निश्चित हुन्छन् । कुनै पनि शोधपत्र सम्पन्नताका लागि तथ्याङ्क सङ्कलन गर्न निश्चित विधि र प्रक्रिया अबलम्वन गर्नुपर्ने हुन्छ । यस शोधपत्रमा कक्षा नौको नेपाली पाठ्यपुस्तकमा समाविष्ट निबन्ध र कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको सङ्कलन गरिएको छ । यस शोधपत्रमा पुस्तकालयीय विधिबाट तथ्याङ्क सङ्कलन गरिएको छ । यसका लागि कक्षा नौको नेपाली पाठ्यपुस्तक, तत्सम शब्दको विश्लेषणका लागि नेपाली वृहत शब्दकोश, प्रयोगात्मक शब्दकोश, नेपाली शब्दसागर, अप्रकाशित शोधपत्र तथा व्याकरण पुस्तकहरूको सहायताबाट सामाग्री सङ्कलन गरिएको छ ।

### ३.६ तथ्याङ्क विश्लेषण र व्याख्या प्रक्रिया

अनुसन्धान कार्यमा तथ्याङ्क सङ्कलन पश्चात तथ्याङ्कको व्याख्या विश्लेषण कार्य निश्चित नियम र विधिमा रहेर गर्नुपर्ने हुन्छ । यस शोधपत्रमा कक्षा नौको नेपाली पाठ्यपुस्तकमा समाविष्ट निबन्ध र कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको सङ्कलन गरी प्रयोगात्मक शब्दकोश, नेपाली वृहत शब्दकोश, नेपाली शब्दसागर, अन्य सम्बन्धित पुस्तकहरूबाट तत्सम शब्दहरूको अर्थ खोज्ने, शब्दहरूको निर्माण प्रक्रिया पत्ता लगाउने, शब्दवर्ग छुट्याउने, शब्दवर्गको स्थिति, तत्सम शब्दहरूको अवस्था र आवृत्तिको तत्सम शब्दको सङ्ख्या वा वितरण र आवृत्तिको स्थिति र पृष्ठलाई तालिका बनाएर प्रस्तुत गरिएको छ ।

## अध्याय : चार

## व्याख्या र विश्लेषण

### ४.१ परिचय

संस्कृत भाषाबाट सोझै वा जस्ताको त्यसै रूप परिवर्तन नभई नेपाली भाषामा आएका शब्दहरू तत्सम शब्द भनिन्छ, जस्तै : अग्नि, करुणा, निद्रा, पुत्र, सुख, मूर्ति, हस, ईश्वर आदि तत्सम शब्द हुन् । संस्कृतमा 'तत' को अर्थ त्यो र 'सम' को अर्थ समान भन्ने हुन्छ । यस अर्थमा तत् समान वा संस्कृत समान नेपालीमा प्रयोग भएका शब्दहरू तत्सम शब्दहरू भन्ने हुन्छ । अरू भाषाबाट रूप नफेरी आफ्नो भाषामा आएर जस्ताको त्यस्तै चलेको शब्दहरू तत्सम शब्द हुन् ।

संस्कृत तत्सम शब्दको प्रयोग नेपालीमा धेरै हुने हुनाले विशेष गरी भाषा साहित्यका अध्येता लगायत अन्य प्रशासनिक क्षेत्रका अध्येता समेत अर्थ बोधको समस्याबाट पीडित छन् । अझ नेपाली इतर मातृभाषा भएका विधार्थीहरूका लागि तत्सम शब्द फलामको चिउरा नै हुने गर्दछ । त्यसैले नेपाली भाषाका लागि तत्सम शब्दको अध्ययन अपरिहार्य छ ।

नेपाली भाषामा आएका शब्दले प्रायः नाम, विशेषण, क्रियाविशेषण, संयोजक, नामयोगी, निपात, विस्मयादिबोधक जस्ता पदवर्गको रूपमा काम गरेका छन् । यिनमा पनि धेरै शब्दहरूले नेपाली भाषाको अभिव्यक्ति र शैलीलाई परिष्कृत एवम् आकर्षक बनाउने गर्दछ । तत्सम शब्दको आगमनले नेपाली भाषाको शब्दभण्डारमा ७० प्रतिशत जति अभाव पूर्ति गरेको पाइन्छ । तत्सम शब्दको प्रयोग सामान्य व्यवहारिक कामकाज देखि लिएर प्रशासनिक तथा कानुनी क्षेत्रमा समेत प्रयोग हुने गर्दछ । तत्सम शब्दले नेपाली भाषालाई शिष्ट अर्थपूर्ण र व्यवहारिक बनाउन महत्त्वपूर्ण भूमिका खेलेको हुनाले यसको अध्ययन र अनुसन्धान हुनु आवश्यक छ ।

प्रस्तुत शोधपत्र माध्यमिक शिक्षा कक्षा नौको नेपाली पाठ्यपुस्तकमा समावेश भएका दुई वटा निबन्ध रहेका छन् । ती मध्ये निबन्धकार सुधा त्रिपाठीद्वारा लिखित 'म को हुँ' निबन्ध रहेको छ । त्यसैगरी सम्पादन मण्डलबाटै लिखित 'जैविक खेती' निबन्ध रहेको छ । त्यसैगरि कथा विधाहरू चार वटा रहेका छन् । सम्पादन मण्डलबाटै लिखित 'दुई मितको कथा' सम्पादन मण्डलबाट लिखित निद्रा कथा त्यसै गरि कथाकार आत्माराम शर्मा पुडासैनीद्वारा लिखित डाक्टर अङ्कल कथा र कथाकार राजेन्द्र विमलद्वारा लिखित 'बन्धनबाट मुक्ति' कथा रहेका छन् ।

प्रस्तुत शोधपत्रमा कक्षा नौको नेपाली पाठ्यपुस्तकमा समावेश दुई वटा निबन्ध र चार वटा कथाहरूमा समावेश भएका तत्सम शब्दहरूको अध्ययन गरिएको छ जसमा पाठमा दोहोरिएका शब्दहरू अध्ययन गरिएको छ । कक्षा नौको पाठ्यपुस्तकमा निबन्धकार सुधा त्रिपाठी र सम्पादन मण्डलबाटै प्रकाशनबाट आएका निबन्ध पनि स्तरीय नै छ । त्यसै गरी कथाकार आत्माराम शर्मा पुडासैनी र राजेन्द्र बिमलको कथाहरू पनि स्तरीय नै पाइयो । साथै सम्पादन सम्पादन मण्डलबाट प्रकाशनमा आएका कथाहरू पनि राम्रो स्तरीय नै रहेको पाइयो । कक्षा नौको नेपाली पाठ्यपुस्तकमा समावेश भएका विषयसूचीहरू निम्नानुसार प्रस्तुत गरिएको छ ।

**तालिका नं. १ : नेपाली पाठ्यपुस्तक कक्षा ९ का विषयसूचीहरू**

| क.सं. | शीर्षक | विधा |
|---|---|---|
| १ | दुई मितको कथा | कथा |
| २ | यात्रा सुरु गरौं | कविता |
| ३ | सङ्गीतज्ञ रामशरण दर्नाल | जीवनी |
| ४ | म को हुँ | निबन्ध |
| ५ | मानव वेचविखन विरुद्ध हाम्रो दायित्व | वादविवाद |
| ६ | बहिनीलाई चिठ्ठी | चिठ्ठी |
| ७ | निद्रा | कथा |
| ८ | वसन्त कोकिल | कविता |
| ९ | जैविक खेती | निबन्ध |
| १० | मङ्गलका तीन दिन | दैनिकी |
| ११ | डाक्टर अङ्कल | कथा |
| १२ | आङसान सुकी | जीवनी |
| १३ | सय रङ इन्द्रेणी | कविता |
| १४ | महिला हिंसा | संवाद |
| १५ | छात्रावास | चिठ्ठी |
| १६ | बन्धनबाट मुक्ति | कथा |

प्रस्तुत माथिको तालिका कथा नौको विषयसूचीलाई विश्लेषण गर्दा जम्मा १६ वटा पाठ शीर्षक रहेका छन् । त्यसमध्ये कथा चारवटा, कविता तीनवटा, निबन्ध दुई वटा चिठ्ठी दुई वटा जीवनी दुई वटा र संवाद, वादविवाद र दैनिकी एक/एक वटा पाठ रहेका छन् ।

**४.२ म को हुँ**

यस निबन्धमा निबन्धकार सुधा त्रिपाठीद्वारा लिखित म को हुँ निबन्धमा म भन्ने पात्रले आफु चोर भएको कुरा स्वीकार गरेका छन् । म पात्रले आफु जहाँ र जस्तोसुकै अवस्थामा भए पनि चोरी गर्ने कुरा उल्लेख गरेका छन् । मानिसहरू आफ्नो आधारभूत आवश्यकता परिपूर्ति गर्नका लागि विभिन्न कुराको आवश्यकता पर्ने भएकोले ती आवश्यकता वा वस्तुहरू प्राप्त गर्नका लागि चोरी गुर्न पर्ने अवस्था आउन सक्छ ।

मानिसहरूलाई समय परिस्थिति र बाध्यताले गर्दा चोर्न सिकाउँछ । मानिसहरूको देखासिखी लुवाई खुवाई देखेर गरिब मानिसहरू धनि मानिसहरूको दाजोमा पुग्न चोरी डकैती तर्फ उन्मुख हुने गर्दछ । नेपाली समाजमा महत्वकांक्षी मानिसहरू चोरी गर्ने बाटो तर्फ लागेको पाइन्छ । तर यस निबन्धमा म पात्रले चोर्नु पाएँ भनेर मैले जहाँसुकै र जुनसुकै वस्तुहरू चोरी गर्न मिल्दैन । म पात्रले कोहि मानिस हाँस्दै गरेको मान्छेको हाँसोको भाव चोरी गर्छु र कोही मानिस रुँदै गरेका मान्छेको रुवाइको भाव चोरी गर्छु भनेका छन् । प्रकृतिमा सधैंभरि अटल रहने पहाडको धैर्यतालाई चोरी गर्छु । म पात्रले आजसम्म सबैभन्दा बढी चोरी आमाबाट नै गरेको छु भनि उल्लेख गरेको छ ।

यस निबन्धमा मैले यसरी चोरी गर्दा धनि मानिस भएको भए पक्कै पनि म तपाईहरूसँग कुरा गर्ने थिइन होला । आजसम्म चोरी गरेको वस्तुहरू एकै ठाउँमा जम्मा गरेको थिए म पक्कै पनि धनी मानिस बन्ने थिए होला भन्ने कल्पना गरिएको छ । सुधा त्रिपाठीका निबन्धहरू सङ्ख्यात्मक रूपमा कम देखिए पनि उत्कृष्ठ निबन्ध लेखेको पाइन्छ । व्यङ्ग्यात्मक रूपमा साहित्य चोरी हुन्छ र चोरेको वस्तु साहित्यका माध्यमबाट अरूतिर फैल्याउनुपर्छ भन्ने भाव व्यक्त गरेको पाइन्छ । 'म को हुँ' निबन्धमा प्रयुक्त तत्सम शब्दहरूको वर्ग व्युत्पत्ति, अर्थ र पृष्ठ निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. २ : 'म को हुँ' निबन्धमा प्रयुक्त तत्सम शब्द

| क्र.सं. | शब्द | वर्ग | व्युत्पत्ति | अर्थ | पृष्ठ |
|---|---|---|---|---|---|
| १ | मन | नाम | मूल शब्द | कुनै कुरा बुझ्ने वा सम्झने अदृश्य | २९ |
| २ | रोगी | नाम | रोग+ई | विरामी | २९ |
| ३ | मानसिक | विशेषण | मनस+इक | मन मस्तिष्क सम्बन्धी | २९ |
| ४ | स्वीकार | नाम | स्व+ई+कार | समर्थन | २९ |
| ५ | सत्य | विशेषण | सत्+य | वास्तविक,यथार्थ | २९ |
| ६ | वर्ष | नाम | वृष+अ | ३६५ दिनको समयावधि | २९ |
| ७ | अभ्यास | विशेषण | अभि+आस | निरन्तर दोहोऱ्याएर सिक्ने काम | २९ |
| ८ | बाध्य | विशेषण | वाध्+य | नचाहँदा नचाहँदै पनि गर्नुपर्ने स्थिति | २९ |
| ९ | तर्क | नाम | मूल शब्द | विवाद बहस | २९ |
| १० | दया | नाम | मूल शब्द | अर्काको दुःख देखेर मनमा उब्जने, संवेदना, करुणा | २९ |
| ११ | माया | नाम | मूल शब्द | स्नेह ममता | २९ |
| १२ | पशु | नाम | मूल शब्द | चारखुट्टा र पुच्छर समेत हुने प्राणी | २९ |
| १३ | पर्याप्त | विशेषण | परि+आप्त | पुग्दो, यथेष्ट | २९ |
| १४ | जात | नाम | जा+त | मानिसको वर्ग वा तह | २९ |
| १५ | अनुहार | नाम | अनु+हार | मुख, चेहरा | २९ |
| १६ | भाव | नाम | मूल शब्द | अभिप्राय, तात्पर्य, आशय | २९ |
| १७ | प्रयत्नरत | विशेषण | प्रयत्न+रत | प्रयास गरिरहेको | २९ |
| १८ | परिपूर्ति | नाम | परि+पूर्ति | आवश्यक वस्तुको राम्रो आपूर्ति | २९ |
| १९ | धैर्य | नाम | धीर+य | शान्त | ३० |
| २० | विधि | नाम | वि+धि | भाग्य, दैव | ३० |
| २१ | चञ्चल | विशेषण | मूल शब्द | चकचके, छुकछुके | ३० |

| | | | | | |
|---|---|---|---|---|---|
| २२ | स्पर्श | नाम | मूल शब्द | छुवाई, छुनेकाम | ३० |
| २३ | क्षणिक | विशेषण | क्षण+इक | एकछिनको क्षण भङ्गुर | ३० |
| २४ | जीवन | नाम | जीव+अन | प्राणीको जन्मदेखि मृत्युसम्मको अवधि | ३० |
| २५ | गम्भीरता | नाम | गम्भीर+ता | गहिरो भाव, गहनता | ३० |
| २६ | क्षणिकता | नाम | क्षणिक+ता | क्षणिकमा हुने विशेषता | ३० |
| २७ | सन्तुष्ट | विशेषण | सम्+तुष्ट | चित्त बुझेको, सन्तोष मिलेको | ३० |
| २८ | सम्पूर्ण | विशेषण | सम+पूर्ण | सबै, भएभरको | ३० |
| २९ | सृष्टि | नाम | सृज+ति | सिर्जना वा रचना गर्ने काम | ३० |
| ३० | सकरात्मक | विशेषण | सकार+आत्मक | समर्थन गर्ने खालको स्वीकृति जनाउने | ३० |
| ३१ | इतिहास | नाम | इति+ह+आस | उत्पत्ति र विकासको कथा | ३० |
| ३२ | आवश्यक | विशेषण | अवश्य+क | चाहिने, खाँचो भएको, चाहिएको | ३० |
| ३३ | नव | विशेषण | मूल शब्द | नयाँ, नौलो, नवीन | ३० |
| ३४ | नव | संवा | मूल शब्द | नौ | ३० |
| ३५ | निःश्वास | नाम | निस्+श्वास | लामो सास फेर्नु | ३० |
| ३६ | प्रतिक्षा | नाम | प्रति+इक्षा | कसैलाई पर्खने काम | ३० |
| ३७ | हिंस्रक | विशेषण | हिंसा+अक | हिंसा गर्ने हत्यारो | ३० |
| ३८ | उन्मुक्त | विशेषण | उन+मुक्त | बाधा वा बन्धन छुटेको | ३० |
| ३९ | नदी | नाम | नद्+ई | पानी बग्ने खोला | ३० |
| ४० | शुष्क | विशेषण | शुष+क | ताप, राप आदिले सुकेको, सुख्खा | ३० |
| ४१ | सङ्गीत | नाम | सम्+गीत | बाजा बजाउँदाको ताल वा सुर | ३० |
| ४२ | निरसता | नाम | नि+रस+ता | रस नभएको सुख्खा | ३० |
| ४३ | प्रकृति | नाम | प्र+कृति | आफै बनेको वस्तु | ३० |
| ४४ | वसन्ती | नाम | वसन्त+ई | बसन्तमा | ३० |
| ४५ | सर्वस्व | नाम | सर्व+स्व | आफूसँग भएको सबै धन, सम्पत्ति | ३१ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४६ | सम्पत्ति | नाम | सम्+पद+ति | कसैको अधिकारमा भएको चलअचल धन | ३१ |
| ४७ | भाषा | नाम | भाष्+आ | उच्चारित ध्वनि अथवा सञ्चारको माध्यम | ३१ |
| ४८ | उत्साह | नाम | उत्+साह | कुनै कार्यका निम्ति मनमा उब्जने खुसी | ३१ |
| ४९ | उपयोग | नाम | उप+योग | कुनै वस्तुलाई प्रयोगमा ल्याउने काम | ३१ |
| ५० | लोभी | विशेषण+नाम | लोभ+ई | लोभ गर्ने, लालची | ३१ |
| ५१ | भाग | नाम | भज्+अ | कुनै वस्तुको अंश खण्ड वा टुक्रा | ३१ |
| ५२ | जगत | नाम | मूल शब्द | संसार, विश्व, दुनिया | ३१ |
| ५३ | निकटतम | विशेषण | निकट+तम | सबैभन्दा नजिक रहेको | ३१ |
| ५४ | एकाकार | विशेषण | एक+आकार | आकार बनेको, एकै रूपमा देखिएको | ३१ |
| ५५ | मित्र | नाम | मि+त्र | साथी, दौतरी, सखा | ३१ |
| ५६ | अभिन्न | विशेषण | अ+भिन्न | भिन्न नहुने, नछुटिएको | ३१ |
| ५७ | सन्तान | नाम | सम्+तान | छोराछोरी, नातिनातिना आदि | ३१ |
| ५८ | रुष्ट | विशेषण | रुष्+त | रिसाएको, क्रोधित | ३१ |
| ५९ | दृष्टि | नाम | दृश+ति | हेर्ने काम, हेराइ, अवलोकन | ३१ |
| ६० | वियोग | नाम | वि+योग | कसैसँग छुट्टिएको अवस्था | ३१ |
| ६१ | पिडा | नाम | पीड्+आ | दर्द, वेदना, कष्ट | ३१ |
| ६२ | आज्ञा | नाम | आ+ज्ञा | पद, प्रतिष्ठाले तल्लो तहको व्यक्तिलाई दिइने आदेश | ३१ |
| ६३ | सरल | विशेषण | सृ+अल | सोझो, बाङ्गो टेढो नभएको | ३१ |
| ६४ | प्रपञ्च | नाम | प्र+पञ्च | कुनै कामको बन्दोवस्त, प्रबन्ध, परिपञ्च | ३१ |
| ६५ | लैङ्गिक | विशेषण | लिङ्ग+इक | स्त्री र पुरुष सम्बन्धी लिङ्ग सम्बन्धी | ३१ |

| | | | | | |
|---|---|---|---|---|---|
| ६६ | संसार | नाम | सम्+सार | पृथ्वीको सम्पूर्ण भूभाग | ३१ |
| ६७ | पवित्र | विशेषण | पु+इत्र | शुद्ध चोखो | ३१ |
| ६८ | स्वाभिमान | नाम | स्व+अभिमान | आत्मसम्मान, गौरव | ३१ |
| ६९ | विषमता | नाम | विषम+ता | समान नभएको, एकनास नभएको | ३१ |
| ७० | क्रियाशील | विशेषण | क्रिया+शील | काम लागिरहने, सक्रियता | ३१ |
| ७१ | सामाजिक | विशेषण | समाज+इक | समाजमा पाइने, समाजसँग सम्बन्धित | ३१ |
| ७२ | बोध | नाम | बुध्+अ | सुनेर, पढेर, हेरेर कुनै कुरा बुझ्ने काम | ३१ |
| ७३ | निर्भीक | विशेषण | निर+भी+क | निडर, नडराउने | ३१ |
| ७४ | पुत्री | नाम | पुत्र+ई | स्त्री, छोरी, सन्तान | ३१ |
| ७५ | पितृभाव | नाम | पितृ+भाव | म बुबा हुँ भन्ने कुरा झल्काउनु | ३१ |
| ७६ | पूजा | नाम | पुज्+आ | देवीदेवतालाई चन्दन फुल अक्षता चढाउने काम | ३१ |
| ७७ | ईश्वर | नाम | ईश्+वर | परमेश्वर, भगवान, परमात्मा | ३१ |
| ७८ | अर्पण | विशेषण | अर्प+अन | पात नभएको वनस्पति | ३१ |
| ७९ | विनियम | नाम | वि+नि+मय | एउटा वस्तु दिएर अर्को वस्तु लिने काम | ३१ |
| ८० | विराजमान | विशेषण | वि+राज+मान | आनन्दसँग बस्ने कार्य | ३१ |
| ८१ | पुष्प | नाम | मूल शब्द | फुल, कुसुम | ३१ |
| ८२ | विचार | नाम | वि+चार | कुनै विषय, समस्या आदिको बारेमा | ३१ |
| ८३ | अव्यक्त | विशेषण | अ+व्यक्त | व्यक्त नगरिएको, नदेखिएको | ३१ |
| ८४ | यावत | अव्यय | मूल शब्द | सबै | ३१ |
| ८५ | प्रकार | नाम | प्र+आकार | किसिम, वर्ग, थरी | ३१ |
| ८६ | पतिपत्नी | नाम | पति+पत्नी | श्रीमान् श्रीमती (विवाहित) | ३१ |
| ८७ | प्रेम | नाम | प्री+इम | एक व्यक्तिको अर्को व्यक्तिसँग हुने मित्रता | ३१ |

| | | | | | |
|---|---|---|---|---|---|
| ८८ | मित्रता | नाम | मित्र+ता | मित्रमा हुने गुण वा भावना | ३१ |
| ८९ | विश्वस्त | विशेषण | वि+श्वस् +त | काममा भर पर्ने स्थिति | ३१ |
| ९० | तत् | नाम | मूल शब्द | शरीर, जिउ | ३२ |
| ९१ | प्रत्येक | विशेषण | प्रति+एक | हरेक, एक एक प्रति | ३२ |
| ९२ | पुत्रपुत्री | नाम | पुत्र+पुत्री | छोराछोरी, सन्तान | ३२ |
| ९३ | धन | नाम | मूल शब्द | जीवन धान्न चाहिने पैसा | ३२ |
| ९४ | दु:खी | विशेषण | दुख+ई | शारीरिक वा मानसिक पिडा | ३२ |
| ९५ | दासता | नाम | दास+ता | दासको काम | ३२ |
| ९६ | कर्म | नाम | मूल शब्द | व्यक्तिले गर्ने कुनै काम | ३२ |
| ९७ | क्रन्दन | नाम | क्रन्द+अन | रुवाई, चिच्याहट | ३२ |
| ९८ | श्रोता | नाम | श्रो+ता | कसैको भाषण, प्रवचन गीत आदि सुन्ने व्यक्ति | ३२ |
| ९९ | सहृदय | विशेषण | सहृदय+ई | कसैको दु:खमा दुखित हुने | ३२ |
| १०० | निस्सार | विशेषण | निस्+सार | सार नभएको | ३२ |
| १०१ | मस्तिष्क | नाम | मस्त+इष्+क | दिमाग, मगज, गिदी | ३२ |
| १०२ | नितृ | क्रियायोगी | नित्+य | अटुट रूपमा निरन्तर | ३२ |
| १०३ | शुभ | विशेषण | मूल शब्द | भलो अथवा हित गर्ने काम | ३२ |
| १०४ | कुष्ठा | नाम | कृष्ठ्+आ | असन्तुष्टि, अतृप्तिको मानसिक अवस्था | ३२ |
| १०५ | नवीन | विशेषण | नव+ईन | नयाँ, नौलो | ३२ |
| १०६ | अभ्यस्त | नाम | अभि+अस्त | अभ्यास गरिएको | ३२ |
| १०७ | अभिष्ट | नाम | अभि+ईष्ट | इच्छाएको कुरा प्रिय कुरा | ३२ |
| १०८ | भिक्षा | नाम | भिक्ष+आ | मागेर ल्याएको अन्न वा खानेकुरा | ३२ |
| १०९ | निश्छल | विशेषण | निस्+छल | छलकपट नभएको | ३२ |
| ११० | प्रसाद | नाम | प्र+साद | देवीदेवतालाई चढाएको नैवेध सामाग्री | ३२ |
| १११ | सागर | नाम | सागर+अ | समुद्र | ३२ |

| | | | | | |
|---|---|---|---|---|---|
| ११२ | स्निग्ध | विशेषण | स्निह्+त | चिल्लो चिल्लो वा मुलायम | ३२ |
| ११३ | विस्मित | विशेषण | वि+स्मि+त | आश्चर्यमा परेको चकित | ३३ |
| ११४ | रिक्तता | नाम | रिक्त+ता | रित्तो भएको स्थिति | ३३ |
| ११५ | प्रिय | विशेषण | प्री+य | मन पर्ने प्यारी, माया लाग्दो | ३३ |
| ११६ | उपमा | नाम | उप्+मा | कुनै एक अर्को वस्तुसँग गरिने तुलाना | ३३ |
| ११७ | धनी | विशेषण | धन+ई | धेरै धन हुने, धनवान | ३३ |
| ११८ | शिल्प | नाम | सीप+अ | मनुका सन्तान | ३३ |
| ११९ | शैली | नाम | शील+ई | कुनै कार्य वा गतिविधिको ढङ्ग, ढाँचा | ३३ |
| १२० | तीव्र | विशेषण | तीव्+र | धेरै छिटो वा असाध्य चाँडो | ३३ |
| १२१ | चिरबिर | नाम | चिर+विर+अ | स-साना चराको आवाज | ३३ |
| १२२ | सौन्दर्य | नाम | सुन्दर+य | सुन्दर हुने तत्व, शोभा | ३३ |
| १२३ | आनन्द | नाम | आ+नन्द | मनमा अनुभूत हुने खुशीयाली, हर्ष | ३३ |
| १२४ | गहन | विशेषण | मूल शब्द | गहिरो, गम्भीर | ३३ |
| १२५ | प्रभाव | नाम | प्र+भाव | कुनै व्यक्ति, वस्तु वातावरण आदिकोयुग वा अरूमा | ३३ |
| १२६ | प्राप्त | विशेषण | प्र+आप्+त | पाएको, लिएको | ३३ |
| १२७ | पुलकित | विशेषण | पुलक+इत | हर्ज वा भयले आङ जिरिङ्ग भएको | ३३ |
| १२८ | चकित | विशेषण | चक्+इत | आश्चर्यमा परेको, चकित | ३३ |
| १२९ | साहित्य | नाम | स+हित+य | विशिष्ट शैलीमा लेखिएको अभिव्यक्ति काल्पनिक भावनात्मक प्रकृतिका रचना | ३३ |
| १३० | सुखान्त | विशेषण | सुख+अन्तक | सुखमा अन्त्य हुने (नाटक, कथा) | ३३ |
| १३१ | दुखान्त | विशेषण | दुख+अन्तक | दुःख पूर्ण अवस्थामा अन्त्य हुने | ३३ |
| १३२ | उल्लास | नाम | उत्+लास | हर्ष, आनन्द, खुशीयाली | ३३ |

| | | | | | |
|---|---|---|---|---|---|
| १३३ | अक्षयकोष | नाम | अक्षय+कोष | मूलधन नमासिने गरी राखिएको कोष | ३३ |
| १३४ | पोषण | नाम | पुष्+अन | पोस्ने काम, पौष्टिक आहार दिने काम | ३३ |
| १३५ | अवश्य | क्रियायोगी | अ+वश्य | निश्चय, पक्का वा जरुर | ३३ |
| १३६ | कोष | नाम | कोष्+अ | धनमाल, अन्न आदिको भण्डार | ३३ |
| १३७ | परस्पर | क्रियायोगी | परस्+पर | एक अर्कामा, आपसमा | ३४ |
| १३८ | चतुर्थांश | नाम | चतुर्थ+अंश | वस्तुको चार भागको एक भाग, चौथाई | ३४ |
| १३९ | विलुप्त | विशेषण | वि+लुप्त | लुप्त भएको, बेपत्ता भएको | ३४ |
| १४० | विरोधी | विशेषण | विरोध+ई | कसैको कार्यको विरोध गर्ने, बाधक | ३४ |
| १४१ | भोगचलन | नाम | भोग+चलन | चल अचल सम्पत्ति आदि भोग गर्ने काम | ३४ |
| १४२ | विशाल | विशेषण | वि+शाल | आकारका दृष्टिले धेरै फैलिएको | ३४ |
| १४३ | चित्त | नाम | चित्+त | मन, हृदय | ३४ |
| १४४ | उपयोग | नाम | उप+योग | कुनै वस्तुलाई प्रयोगमा ल्याउने काम | ३४ |
| १४५ | अन्यत्र | क्रियायोगी | अन्य+त्र | अर्को ठाउँ, अरू तिर | ३४ |
| १४६ | माध्यम | नाम | मध्यम्+अ | कुनै वस्तुको लागि उपयोग हुने साधन | ३४ |
| १४७ | साहित्यकार | नाम | साहित्य+कार | साहित्य, सिर्जना गर्ने व्यक्ति | ३४ |
| १४८ | स्मृतिपुञ्ज | नाम | स्मृति+पुञ्ज | सम्झनाको झ्याª\ | ३४ |
| १४९ | रिक्तता | नाम | रिक्त+ता | खाली रहेको | ३४ |
| १५० | स्मृति | नाम | स्मृ+ति | स्मरण, सम्झना | ३४ |

यस निबन्धमा निबन्धकार सुधा त्रिपाठीद्वारा लिखित 'म को हुँ' निबन्धमा जम्मा १४६९ वटा शब्दहरू रहेका छन् । ती मध्ये २६२ वटा तत्सम शब्दहरू रहेका छन् । यो

निबन्ध पाठ चारमा समावेश गरिएको छ । यस निबन्ध ६ पृष्ठमा समाप्त भएको छ । यो कुल सङ्ख्याको १७.८५ प्रतिशत रहेको छ ।

'म को हुँ' निबन्धमा आवृत्ति भएका तत्सम शब्दहरू निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ३ : 'म को हुँ' निबन्धमा आवृत्ति भएका शब्दहरू**

| शब्दहरू | आवृत्ति सङ्ख्या |
|---|---|
| मन | ८ |
| मानसिक | २ |
| पर्याप्य | २ |
| अनुहार | २ |
| धैर्य | २ |
| क्षणिक | २ |
| पिडा | ३ |
| पवित्र | २ |
| प्रेम | २ |
| उपमा | २ |
| धनी | २ |
| साहित्य | २ |
| नदी | २ |
| सज्वन | २ |
| बाध्य | ४ |
| दया | ४ |
| पशु | ४ |
| शुष्क | २ |
| प्रकृति | ९ |
| सर्वस्व | २ |
| सन्तान | २ |
| मित्र | २ |
| भाव | ४० |

निबन्धकार सुधा त्रिपाठीद्वारा लिखित 'म को हुँ' निबन्धमा जम्मा २३ वटा शब्दहरू आवृत्ति भएको पाइन्छ । जसमध्ये सबैभन्दा बढी आवृत्ति भएको शब्द भाव ४० पटक आवृत्ति भएको देखिन्छ भने सबैभन्दा कम आवृत्ति भएका शब्दहरू मानसिक, पर्याप्त, अनुहार, धैर्य, क्षणिक, पवित्र, प्रेम, उपमा, धनी, साहित्य, नदी, सज्वन, शुष्क, सर्वस्व, सन्तान र मित्र शब्दहरू सबै भन्दा कम २/२ पटक आवृत्ति भएको देखिन्छ ।

निबन्धकार सुधा त्रिपाठीद्वारा लिखित 'म को हुँ' निबन्धमा जम्मा आवृत्ति शब्दहरू २३ वटा रहेका छन् भने 'भाव' शब्द सबै भन्दा बढी ४० पटक आवृत्ति भएको छ भने सबै भन्दा कम आवृत्त भएका शब्दहरू मानसिक सज्वन, पर्याप्त, धैर्य, क्षणिक, पवित्र, प्रेम, उपमा, धनि, साहित्य, नदी, शुष्क, सर्वस्व, सन्तान र मित्र यो शब्दहरू २ पटक मात्र आवृत्त भएका छन् । सबै भन्दा कम आवृत्त भएको शब्दको तुलनामा सबै भन्दा बढी आवृत्त भएको शब्द ३८ पटक बढी आवृत्त भएको पाइन्छ ।

## ४.३ जैविक खेती

जैविक खेती निबन्ध सम्पादक मण्डलबाट कक्षा नौको नेपाली पाठ्यपुस्तकमा समावेश गरिएको छ । यस निबन्धमा खेती दुई तरिकाबाट रसायनिक र जैविक खेती गर्न सकिन्छ भन्ने कुरा उल्लेख गरिएको पाइन्छ । विषादी लगायतका हानिकारक तत्व प्रयोग नगरी गरिने खेती जैविक खेती हो भने रसायनिक मल तथा किटनाशक विषादीको प्रयोग गरि गरिने खेतीलाई रसायनिक खेती भनिन्छ । रसायनिक खेतीले मानव स्वास्थय, पर्यावरणीय सन्तुलन र जैविक विविधतामा गम्भीर सङ्कट सिर्जना गर्दछ । त्यसैले रसायनिक खेतीको एउटै विकल्प भनेको जैविक खेती हो भन्ने भाव व्यक्त गरिएको छ ।

यस निबन्धमा पृथ्वीमा रहेका बोटविरुवा कीटपतङ्ग चराचुरुङ्गी, जनावर र मानिसहरू परस्परमा निर्भर भएकोले पर्यावरणीय सन्तुलनको लागि यी सबैको आवश्यकता पर्दछ भन्ने कुरा उल्लेख गरिएको छ । नेपाल जस्तो कृषिप्रधान देशमा जैविक खेती गर्नु नै सबै भन्दा मुख्य पेशा हो भन्ने भाव व्यक्त गरिएको छ ।

यस निबन्धमा नेपाल कृषिमा आत्मनिर्भर बन्दै जलस्रोत पर्यटन जस्ता उद्योगलाई प्रवर्धन गर्न सके नेपाल संसारकै समुन्नत र सुखी मुलुक बन्ने छ भन्ने कुरा उल्लेख गरिएको छ ।

यस निबन्धमा प्रयुक्त तत्सम शब्दहरू वर्ग, व्युत्पत्ति अर्थ र पृष्ठ निम्नानुसार तालिकामा समावेश गरिएको छ ।

**तालिका नं. ४ : 'जैविक खेती' निबन्धमा प्रयुक्त तत्सम शब्दहरू**

| क्र.सं. | शब्द | वर्ग | व्युत्पत्ति | अर्थ | पृष्ठ |
|---|---|---|---|---|---|
| १ | जैविक | विशेषण | जीव+ईक | जीव सम्बन्धी, जीवको | ८० |
| २ | रासायनिक | विशेषण | रसायन+ईक | रसायन सम्बन्धी | ८० |
| ३ | विषादी | विशेषण | कीट+नाशक | किरा मार्ने औषधी | ८० |
| ४ | प्रयोग | नाम | प्र+योग | कुनै कुरालाई व्यवहारमा उपयोग गर्ने काम | ८० |
| ५ | आधारित | विशेषण | आधार+ईत | जगको रूपमा रहेको | ८० |
| ६ | हानिकारक | विशेषण | हानि+कारक | नोक्सान गर्ने | ८० |
| ७ | लाभदायक | विशेषण | लाभ+दायक | लाभ दिने | ८० |
| ८ | कृषि | नाम | कृष+ई | खनजोत गरी वाली लगाउने काम | ८० |
| ९ | आरम्भ | नाम | आ+रम्भ | कुनै कामको थालनी | ८० |
| १० | उत्पादन | नाम | उत्+पाद्+अन | उब्जाउने वा उत्पादन गर्ने कार्य | ८० |
| ११ | आविष्कार | नाम | आविस्+कार | नयाँ वस्तुको खोजी गर्ने कार्य | ८० |
| १२ | विकास | नाम | वि+कास | उन्नति हुनु, प्रगति हुनु | ८० |
| १३ | उपाय | नाम | उप्+आय | कठिनाई टार्नका लागि आवश्यक जुक्ति | ८० |
| १४ | लोकप्रिय | विशेषण | लोक+प्रिय | लोक वा जनसमुदायको प्यारो मान्छे | ८० |
| १५ | स्वभाविक | विशेषण | स्वभाव+इक | स्वभावले हुने, स्वभाव अनुसार | ८० |
| १६ | नियन्त्रण | नाम | निय+यन्त्र+अन | निर्धारित ऐन नियमअनुसार कुनै कार्य वा गतिविधि सञ्चालन हुनु | ८० |
| १७ | मिश्रण | नाम | मिश्र+अन | विभिन्न वस्तु मिसाउने काम | ८० |
| १८ | अध्ययन | नाम | अधि+इ+अन | पढ्ने काम | ८० |
| १९ | नकारात्मक | नाम | नकार+आत्मक | अस्वीकृति जनाउने, नराम्रो | ८० |
| २० | नियन्त्रण | नाम | नि+यन्त्र+अन | निर्धारित ऐन वा नियम अनुसार कुनै कार्य वा गतिविधिको सञ्चालन | ८० |
| २१ | तथ्य | विशेषण | तथा+य | सत्य कुरामा आधारित, वास्तविक | ८० |

| | | | | | |
|---|---|---|---|---|---|
| २२ | मित्र | नाम | मूल शब्द | साथी, दौतरी | ८० |
| २३ | क्षमता | नाम | क्षम+ता | काम गर्न सक्ने योग्यता | ८० |
| २४ | उत्तम | विशेषण | उत्+तम | सबैभन्दा असल, ज्यादै बेस | ८० |
| २५ | प्रक्रिया | नाम | प्र+क्रिया | कुनै घटनाका लागि हुने परिवर्तनको शृङ्खला | ८० |
| २६ | पृथ्वी | नाम | मूल शब्द | मानिस तथा जीवजन्तु रहेको सौर मण्डलको एक ग्रह | ८० |
| २७ | पर्यावरण | नाम | परि+आवरण | वरिपरिको परिवेश | ८० |
| २८ | प्रतिकूल | विशेषण | प्रति+कूल | आफ्नो सोचाइको विपरित | ८० |
| २९ | मरुभूमि | नाम | मरु+भूमि | वालुवा नै वालुवा भएको पानी नपर्ने सुख्खा ठाउँ | ८० |
| ३० | मानव | नाम | मनु+अ | मान्छे, मानिस | ८० |
| ३१ | परिणत | विशेषण | परि+नत | एउटा वस्तु अर्को वस्तुमा बदलिएको | ८० |
| ३२ | विविधता | नाम | विविध+ता | भिन्नता, अनेकता | ८० |
| ३३ | गम्भीर | विशेषण | मूल शब्द | गहन, विचारका दृष्टिले गहिरो | ८० |
| ३४ | सहयोग | नाम | सह+योग | कसैलाई गरिने मद्दत | ८० |
| ३५ | शत्रु | नाम | मूल शब्द | कसैको अहित गर्ने व्यक्ति | ८० |
| ३६ | सङ्कट | नाम | सम+कण्ट | ज्यादै कष्टको स्थिति | ८० |
| ३७ | अन्योन्याश्रित | विशेषण | अन्योन्य+आश्रित | एक अर्कामा आश्रित, परस्परमा निर्भर | ८० |
| ३८ | योग्य | विशेषण | युज+य | राम्रो सीप तथा क्षमता भएको | ८० |
| ३९ | प्रदूषण | नाम | प्र+दूषण | दुषित पार्ने काम | ८० |
| ४० | सम्भव | विशेषण | सम्+भव | सम्भावना भएको, हुनसक्ने | ८० |
| ४१ | निर्भर | विशेषण | निर+भर | आश्रयमा रहेको, कसैको भर पर्नु | ८० |
| ४२ | सम्बन्ध | नाम | सम्+बन्ध | कुनै वस्तुलाई अर्को वस्तुसँग जोड्ने काम | ८० |
| ४३ | सन्तुलन | नाम | सम+तुल+अन | वस्तुको तौल वा मात्रा मिलाउने काम | ८० |
| ४४ | मान्यता | नाम | मान्य+ता | मान्य सकिने स्थिति | ८० |

| | | | | | |
|---|---|---|---|---|---|
| ४५ | आवश्यकता | नाम | आवश्यक+ता | आवश्यक भएको स्थिति | ८० |
| ४६ | वातावरण | नाम | वात्+आवरण | आफु वरिपरिको वस्तु, जीवजन्तु, घटना अहिले बनेको परिस्थिति | ८२ |
| ४७ | प्राङ्गारिक | विशेषण | प्राङ्गार+इक | पात, पतिङ्कार कुहाएर बनाइएको | ८२ |
| ४८ | उर्वरा | विशेषण | उर्वर+आ | बढी उब्जनी हुने | ८२ |
| ४९ | प्रतिरोधक | विशेषण | प्रति+रुध्+अक | बचाउनका निम्ति कसैको विरोध वा अवरोध गर्ने | ८२ |
| ५० | श्रेयस्कर | विशेषण | श्रेयस्+कर | कल्यान हुने, हितकारी | ८२ |
| ५१ | शक्ति | नाम | शक्+ति | क्षमता, सामर्थ्य, बल | ८२ |
| ५२ | आक्रमण | नाम | आ+क्रम्+अन | बलपूर्वक गरिने हमला | ८२ |
| ५३ | मित्र | नाम | मि+त्र | साथी, दौंतरी | ८२ |
| ५४ | नष्ट | विशेषण | नश्+त | नाश भएको | ८२ |
| ५५ | पदार्थ | नाम | पद+अर्थ | पद वा शब्दको सामान्य अर्थ | ८२ |
| ५६ | तत्व | नाम | तत्+त्व | कुनै वस्तु नहुँदाको स्थिति | ८२ |
| ५७ | विधि | नाम | वि+धि | काम गर्ने तरिका, ढङ्ग, शैली | ८२ |
| ५८ | व्यवस्था | नाम | वि+अवस्था | कुनै कार्य वा अवस्थामा राख्ने काम | ८२ |
| ५९ | उपयुक्त | विशेषण | उप+युक्त | कुनै कामका लागि उचित | ८२ |
| ६० | सर्वप्रथम | विशेषण | सर्व+प्रथम | सबैभन्दा पहिले | ८२ |
| ६१ | अभाव | नाम | अ+भाव | कुनै वस्तु नहुँदाको स्थिति | ८२ |
| ६२ | भौगोलिक | विशेषण | भूगोल+इक | पृथ्वीको बनावट | ८३ |
| ६३ | सांस्कृतिक | विशेषण | संस्कृति+इक | सांस्कृतिक सम्बन्धी, परम्परागत प्रचलनमा आधारित | ८३ |
| ६४ | सामाजिक | विशेषण | समाज+इक | समाजमा हुने, समाजमा पाइने | ८३ |
| ६५ | प्रशस्त | विशेषण | प्र+शस्+त | धेरै, पर्याप्त, यथेष्ट मनग्य | ८३ |
| ६६ | व्यवसायिक | विशेषण | व्यवसाय+इक | व्यवसायसँग सम्बन्धी | ८३ |
| ६७ | अनुकूल | विशेषण | अनु+कूल | आफूले चाहेजस्तो, इच्छा अनुरूपको | ८३ |
| ६८ | आधुनिक | विशेषण | अधुना+इक | अहिलेको वर्तमानको | ८३ |

| | | | | | |
|---|---|---|---|---|---|
| ६९ | मूल्य | नाम | मूल+य | कुनै सामान किनबेच गर्दा त्यसका लागि तोकिएको रकम | ८३ |
| ७० | करण | नाम | कृ+अन | घटना वा कार्य उत्पन्न गर्ने तत्व | ८३ |
| ७१ | स्रोत | नाम | स्रु+त | नदी, खोला आदिको मुहान | ८३ |
| ७२ | रूप | नाम | मूल शब्द | कुनै वस्तु वा व्यक्ति आदिको वाहिरी स्वरूप | ८३ |
| ७३ | आयात | नाम | आ+यात | विदेशबाट सामान झिकाउने काम | ८३ |
| ७४ | वृहत | नाम | मूल शब्द | ठूलो, विशाल | ८३ |
| ७५ | परनिर्भर | विशेषण | पर+निर्भर | अर्कामा भर पर्ने, पराधिन | ८३ |
| ७६ | निर्यात | नाम | निर+यात | एक देशबाट अर्को देशमा पठाउने | ८३ |
| ७७ | अनुकुल | विशेषण | अनु+कुल | आफूले चिताए जस्तो, इच्छा अनुरूप | ८३ |
| ७८ | प्राण | नाम | मूल शब्द | जीवनको शक्ति, जीवन | ८३ |
| ७९ | महान | विशेषण | मूल शब्द | ठूलो, विशाल, व्यापक | ८३ |
| ८० | प्रवर्धन | नाम | प्र+वृध+अन | कुनै वस्तुलाई सानोबाट ठूलो पार्ने काम | ८३ |
| ८१ | इन्धन | नाम | मूल शब्द | ताप वा उण्णता उत्पन्न गर्ने वस्तु | ८३ |
| ८२ | सकारात्मक | नाम | सकार+आत्मक | समर्थन गर्ने खालको स्वीकृत जनाउने | ८३ |
| ८३ | संस्कृति | नाम | सम्+कृति | देश वा जातिको कला | ८३ |
| ८४ | युवा | नाम | मूल शब्द | जवान, युवक | ८३ |
| ८५ | अन्य | विशेषण | मूल शब्द | अर्को, अरू | ८३ |
| ८६ | औधोगिक | विशेषण | उद्योग+इक | उद्योग धन्दासँग सम्बन्धित | ८३ |
| ८७ | पर्यटन | नाम | परि+अट्+अन | महत्वपूर्ण स्थलहरूको भ्रमण घुम्न आउने | ८३ |
| ८८ | अपेक्षा | नाम | उप+ईक्षा | बेवास्ता, हेला | ८३ |
| ८९ | सुखी | विशेषण | सुख+ई | सुख पाएको, सबै कुराले सन्तोष भएको | ८३ |
| ९० | प्रिय | विशेषण | प्री+य | मन पर्ने, प्यारो | ८३ |

'जैविक खेती' निबन्ध सम्पादन मण्डलद्वारा लिखित कक्षा नौको नेपाली पाठ्यपुस्तकमा समावेश गरिएको छ । यो निबन्ध पाठ नौमा छ । यो निबन्ध ४ पृष्ठमा

समाप्त भएको देखिन्छ । यस निबन्धमा जम्मा १०८६ वटा शब्दहरू प्रयोग भएका छन् । जसमा तत्सम शब्दहरू १३६ वटा रहेका छन् । यो कुल सङ्ख्याको १२.५३ प्रतिशत हुन आउँछ ।

'जैविक खेती' निबन्धमा आवृत्ति भएका शब्दहरू निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ :

**तालिका नं. ५ : 'जैविक खेती' निबन्धमा आवृत्ति भएका तत्सम शब्दहरू**

| शब्दहरू | आवृत्ति सङ्ख्या |
|---|---|
| जैविक | २० |
| कृषि | ४ |
| रासायनिक | १४ |
| विषादी | ६ |
| पर्यावरण | २ |
| वातावरण | ३ |
| हानिकारक | ३ |

कक्षा नौको नेपाली पाठ्यपुस्तकमा समावेश गरिएको जैविक खेती निबन्ध पाठमा आवृत्ति भएका शब्दहरू ७ वटा रहेका छन् । यस निबन्धमा सबैभन्दा बढी आवृत्ति भएको 'रासायनिक' शब्द १४ पटक आवृत्त भएको छ भने सबैभन्दा कम 'पर्यावरण' शब्द २ पटक मात्र आवृत्त भएको देखिन्छ । सबै भन्दा कम आवृत्त भएको शब्दको तुलनामा सबैभन्दा बढी आवृत्त भएको शब्द १२ पटक बढी आवृत्त भएको देखिन्छ ।

## ४.४ दुई मितको कथा

'दुई मितको कथा' सम्पादक मण्डलबाट लिखित पौराणिक कथा हो । यस कथामा विशाल रुखलाई दुई मितहरूले आफ्नो घर बनाएका थिए । ती दुई मितहरूमा हात्ती र लाटकोशेरो थिए । लाटकोशेरोको नाम नेत्रलाल र हात्तीको नाम कर्णकान्त थियो । यी दुई मितहरू मिलेर बसेका थिए । यस कथामा पंक्षी र जनावरको मित्रतालाई देखाइएको छ । यस कथामा कर्णकान्त हराउँदा नेत्रलाल बिछोडको पिडामा डुबेको देखिन्छ । कर्णकान्त आउने आशमा नेत्रलाल आधा रातसम्म छर्लङ्ग नसुती बिताएको पलले साथी प्रतिको अघाद माया ममतालाई यस कथामा प्रष्ट पारिएको छ ।

एक्काइसौँ शताब्दीमा आएर आज मानिसहरूको स्वार्थको मित्रता गर्ने मानिसहरूले यस कथाबाट पाठ सिक्नु पर्ने देखिन्छ । आफ्नो मित्रतालाई सधैँ कायम राख्नु पर्ने र सम्बन्धलाई घनिष्ट बनाउनु पर्ने सन्देश यस कथाले दिन खोजेको छ । यस कथामा सपनामा देखेको कुरालाई विपनामा पाइन्छ भन्ने राक्षसहरूको सोचाइ लाटकोशेरोले बिफल बनाइदिएका छन् । यस कथामा तर्क गर्ने बहस गर्ने मानिसहरूको जहिले पनि जित हुन्छ भन्ने भाव व्यक्त गरिएको छ ।

**तालिका नं. ६ : 'दुई मितको कथा' मा भएका तत्सम शब्दहरू**

| क्र.सं. | शब्द | वर्ग | व्युत्पत्ति | अर्थ | पृष्ठ |
|---|---|---|---|---|---|
| १ | विशाल | विशेषण | वि+शाल | आकारका दृष्टिले धेरै फैलिएको | १ |
| २ | व्यवहार | नाम | वि+अव+हार | पारिवारिक वा सामाजिक जीवनमा एउटा व्यक्तिले अरूसँग गर्ने आचरण | १ |
| ३ | कथा | नाम | कथ्+आ | कहानी, किस्ता, वृत्तान्त | १ |
| ४ | लाटकोसेरो | नाम | लाटो+कोसेरो | राती आँखा देख्ने एक जातको चरो | १ |
| ५ | भाषा | नाम | भाष्+आ | मनको भाव वा विचार, प्रकट गर्ने | १ |
| ६ | स्वार्थ | | स्वा+अर्थ | आफ्नो मतलब वा उद्देश्य पूर्तिका लागि गर्ने काम | १ |
| ७ | आहार | नाम | आ+हार | भोजन, खानेकुरा | १ |
| ८ | मित्रता | नाम | मित्र+ता | साथीको व्यवहार | १ |
| ९ | आपत | नाम | आ+पत | संकट | २ |
| १० | उल्लेख | नाम | उत्+लेख | भनाई | २ |
| ११ | जन्तु | नाम | ज+अन्तु | जनावर, चौपाया | २ |
| १२ | चिन्तित | विशेषण | चिन्ता+इत | सुर्ताएको पीर लागेको | २ |
| १३ | वेग | नाम | मूल शब्द | प्रवाह | २ |
| १४ | अभिन्न | विशेषण | अ+भिन्न | ज्यादै नजिकको र प्यारो | २ |
| १५ | उज्यालो | विशेषण | मूल शब्द | अँध्यारो नभएको | २ |
| १६ | स्वादिष्ठ | विशेषण | स्वाद+इष्ट | मिठो परिस्कार | २ |
| १७ | माया | नाम | मूल शब्द | प्रेम वा स्नेहको भाव, ममता | २ |
| १८ | विरही | विशेषण | विरह+ई | प्रेमिका वा पत्नीबाट बिछोड भएको | २ |

| | | | | | |
|---|---|---|---|---|---|
| १९ | पखेटा | नाम | पक्ष+एटो | चराचुरुङ्गीको दायाँ बाँयामा रहने | २ |
| २० | वन | नाम | मूल शब्द | जंगल, झाडी | २ |
| २१ | गति | नाम | गम्+ति | वेग, चाल, हिँडाइ | ३ |
| २२ | आत्मीयता | नाम | आत्मीय+ता | प्रेम, स्नेह | ३ |
| २३ | अन्योल | नाम | अन्ध+योल | दोधार, दोमन | ३ |
| २४ | वेदना | नाम | वेद्+अना | चोटपटक लाग्दा वा दुःखदायी घटना घट्दा हुने शारीरिक वा मानसिक अवस्था | ३ |
| २५ | मायालु | नाम | माया+आलु | प्रेमी प्रेमिका | ३ |
| २६ | शरीर | नाम | मूल शब्द | हाड मासु रगत आदिले युक्त प्राणीका सम्पूर्ण अंगको समूह | ३ |
| २७ | पक्का | नाम | पक्क+आ | कुनै काम वा विषय प्रति सङ्कल्प | ३ |
| २८ | डर | नाम | मूल शब्द | त्रास, भय | ३ |
| २९ | समस्या | नाम | सम्+अस+य+आ | समाधान गर्न गाह्रो | ३ |
| ३० | नागवेली | नाम | नाग+वेली | सर्प झैँ गुँडुल्किएको | ३ |
| ३१ | शान्ति | नाम | शम्+ति | शान्त, स्थिर होहल्ला नभएको अवस्था | ३ |
| ३२ | मन्द | विशेषण | मूल शब्द | थोरै अल्प, मत्थर | ३ |
| ३३ | अनुहार | नाम | अनु+हार | आकृति, रूप | ३ |
| ३४ | लामो | विशेषण | मूल शब्द | लम्बाई भएको, परसम्प पुग्ने, लम्ब | ३ |
| ३५ | सार | विशेषण | मूल शब्द | कुनै लेख, रचना वर्णन आदिको मुख्य भाव वा विचार | ३ |
| ३६ | रोग | नाम | मूल शब्द | शरीरमा हुने अस्वस्थता, बिमार, व्यथा | ३ |
| ३७ | छक्क | विशेषण | मूल शब्द | आश्चर्यमा पर्ने गरी चकित भएको | ३ |
| ३८ | हर्ष | नाम | मूल शब्द | इच्छा वा कल्पना पुरा हुँदा मनमा लाग्ने खुशी आनन्द प्रसन्नता | ३ |
| ३९ | विरोध | नाम | वि+रोध | कुनै कामलाई रोक्नका निम्ति गरिने कोसिस, विपरीत प्रयत्न | ३ |
| ४० | संयोग | नाम | सम्+योग | दुई वा दुई भन्दा बढी वस्तु जोड्ने | ४ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४१ | टिप्पणी | नाम | टिप्+अनी | विचार, मत, भन्नु | ४ |
| ४२ | हृदय | नाम | हद्+य | प्राय सबै प्राणीको शरीरमा छातिभित्र हुने वायाँतिर हुने मांसकोश मुटु | ५ |
| ४३ | अन्तिम | विशेषण | अन्त+इम | सबभन्दा पछिल्लो अन्त्य | ५ |
| ४४ | राक्षसी | नाम | राक्षस+ई | दुष्ट स्वभाव भएकी आइमाई | ५ |
| ४५ | आशा | नाम | आ+अश+आ | कुनै वस्तु पाउने इच्छा वा चाहना | ५ |
| ४६ | दयनीय | विशेषण | दया+अनीय | दया गर्न लायकको | ५ |
| ४७ | वीर | नाम | मूल शब्द | कुनै पनि काममा नडराउने व्यक्ति, नआत्तिने व्यक्ति | ५ |
| ४८ | स्नेही | विशेषण | स्नेह+ई | मायालु, प्यारो | ५ |
| ४९ | चिन्ता | नाम | चिन्+ता | शोक मान्नु | ५ |
| ५० | अलच्छिन | नाम | अ+लक्षण | खराव लक्षण भएको | ५ |
| ५१ | संसार | नाम | मम्+सार | पृथ्वीको सम्पूर्ण भूभाग, विश्व दुनिया | ५ |
| ५२ | स्वर | नाम | | आवाज | ५ |
| ५३ | परम | विशेषण | | सबभन्दा पहिलेको सुरुको, सबभन्दा पछिल्लो अन्तिम चरम | ५ |
| ५४ | वाचा | नाम | मूल शब्द | प्रतिज्ञा गर्नु, किरिया खानु | ५ |
| ५५ | वचन | नाम | मूल शब्द | दिएको बोली उच्चरित हुने कुनै पनि सार्थक शब्द | ६ |
| ५६ | वात | नाम | मूल शब्द | वायु प्रकोप भई शरीरका सन्धि स्थानहरूमा पिडा हुने एक रोग | ६ |
| ५७ | उच्च | विशेषण | उत्+च | अग्लो | ६ |
| ५८ | तर्क | नाम | मूल शब्द | विवाद, वहस | ७ |
| ५९ | वास | नाम | मूल शब्द | वसोवास गर्ने किसिमले बनाएको ओत | ७ |
| ६० | दु:खी | विशेषण | दुख्+ई | शारीरिक वा मानसिक रूपमा हुने पीडा | ७ |

| | | | | | |
|---|---|---|---|---|---|
| ६१ | सुखी | विशेषण | सुख+ई | आनन्द, हर्ष | ७ |
| ६२ | राजकुमारी | नाम | राजकुमार+ई | राजाकी छोरी राजकन्या | ७ |
| ६३ | तर्क | नाम | मूल शब्द | कुनै कामलाई पुष्टि गर्नका लागि भनिने युक्तिपूर्ण कथन | ७ |

'दुई मितको कथा' सम्पादक मण्डलद्वारा लिखित पौराणिक परिवेशलाई आधार मानि लेखिएको कथामा जम्मा १६२१ वटा शब्दहरूको प्रयोग भएको पाइन्छ जसमध्ये १५४ वटा तत्सम शब्दहरू तत्सम शब्द रहेका छन् । प्रतिशतका दृष्टिले १०.५२ प्रतिशत तत्सम शब्दहरूको प्रयोग यस कथामा पाउन सकिन्छ ।

**तालिका नं. ७ : 'दुई मितको कथा' मा आवृत्ति भएका शब्दहरू**

| शब्दहरू | आवृत्ति सङ्ख्या |
|---|---|
| विशाल | २ |
| व्यवहार | २ |
| लाटकोशेरो | ५ |
| भाषा | २ |
| आपत | २ |
| माया | २ |
| स्नेह | ३ |
| डर | २ |
| अनुहार | २ |
| हर्ष | २ |
| विरोध | २ |
| स्नेही | २ |
| चिन्ता | २ |
| संसार | २ |
| स्वर | २ |
| पक्का | २ |
| रोग | २ |
| वास | २ |
| तर्क | २ |
| राजकुमारी | ४ |

'दुई मितको कथा' सम्पादक मण्डलबाट लिखित पौराणिक परिवेशलाई आधार मानि लेखिएको कथामा २० वटा शब्दहरू आवृत्ति भएको पाइन्छ। सबैभन्दा बढी लाटकोशेरो शब्द ५ पटक आवृत्ति भएको पाइन्छ । सबै भन्दा कम आवृत्ति हुने शब्दहरू विशाल, व्यवहार, भाषा, आपत, माया, डर, अनुहार, हर्ष, विरोध, स्नेही, चिन्ता, संसार, स्वर, पक्का, रोग, वास र तर्क शब्दहरू २/२ पटक मात्र आवृत्ति भएको देखिन्छ।

## ४.५ निद्रा कथा

निद्रा कथा सम्पादक मण्डलबाट कक्षा नौको नेपाली पाठ्यपुस्तकमा समावेश गरिएको कथा हो । यो कथा राणाकालीन परिवेशलाई आधार बनाएर लेखिएको एउटा ऐतिहासिक कथा हो । यस कथामा राणा शासनकालमा दरवारहरूमा शक्तिकेन्द्रमा कसरी राज्यको शक्ति केन्द्रमा रहेर राज्य सत्ता चलाउने राणाहरू शाहाकालीन होस् वा राणाकालीन इतिहास होस्, यिनीमा राज्य सञ्चालन गर्न शक्ति हातमा लिन सधैं सत्तामा रहिरहन राज्य सञ्चालकहरूले के कसरी षड्यन्त्र गर्दछन् भन्ने कुरालाई प्रष्ट रूपमा देखाईकोछ । यस कथमा राणाकालीन परिवार भित्र षड्यन्त्र गरि परिवारका सदस्यहरू बन्धु हत्या गरि सत्तालाई आफ्नो पकटमा राख्न जुन सुकै कुकृत्यहरू पनि गर्न तत्पर हुन्छन् भन्ने कुरा देखाइएकोछ भने अर्को तर्फ यस्तै कार्यहरू गरी हजारौं मानिसहरूलाई दुःख कष्ट दिएर आफ्नो स्वार्थ र सम्पत्ति हात पार्दा पनि सुख र शान्ति चाँही हुँदैन भन्ने सन्देश दिइएको छ।

यस निद्रा कथामा शासकहरूको प्रतिनिधित्व चन्द्रशमशेरले गरेको पाइन्छ । चन्द्रशमशेरको माध्ययमद्वारा उसले आफूले गरेका विगतका अन्याय अत्याचार गल्ती कमजोरीहरू प्रति पश्चाताप गर्दै शक्ति र सक्ता सधै भरि टिक्दैन भन्ने कुरा देखाइएकोछ। यस कथामा चन्द्रशमशेर रातभरी ननिदाउनु र छटपटिनुले पुष्टि गरेकोछ । मानिसको जीवनमा शक्ति सत्ता र सम्पत्ति सबै हो भन्ने ठान्छन् तर यो एकदमै गलत हो । यसको पछि लाग्ने मानिसहरू चन्द्रशमशेर जस्तै जीवनमा सधै छटपटाउनु पर्छ र पश्चतापमा पर्नुपर्छ भन्ने यस कथाको मूल भाव हो।

यस कथाले मानिले जीवनको महत्त्व जब बुझ्छ उसले सत्ता सम्पत्तिलाई महत्त्व दिँदैन त्यो समय मात्र मानिसको वास्तविक जीवनको बाटो पत्ता लगाउछ अनि राम्रा राम्रा कामहरू प्रति अगाडि बढ्छ । अन्त्यमा चन्द्रशमशेरले आफ्नो जीवनको महत्त्व बुझेर इतिहासमा आफ्नो नाम लेखाउन आफू माथि लागेको कुकृत्य र कलङ्क हटाउन उनले दासप्रथा र सतीप्रथा जस्ता कुप्रथालाई हटाई जीवन सार्थक पार्ने काममा लागेको पाईन्छ।

अन्त्यमा सुख र सन्तुष्टि धन सम्पत्ति पद र  प्रतिष्ठाबाट नभई असल र सत्कर्मबाट प्राप्त हुन्छ भन्ने कुरा यस कथाको मूल भाव हो ।

**तालिका नं. ८ : 'निद्रा' कथामा प्रयुक्त तत्सम शब्दहरू**

| क्र.सं. | शब्द | वर्ग | व्युत्पत्ति | अर्थ | पृष्ठ |
|---|---|---|---|---|---|
| १ | एक | नाम | मूल शब्द | पूर्ण राशीमा सङ्ख्या क्रमका हिसाबले पहिलो सङ्ख्या १ को अङ्क | ५९ |
| २ | चिन्ता | नाम | चित्त+आ | कुनै विषय वा समस्याले सताएको स्थिति | ५९ |
| ३ | निद्रा | नाम | मूल शब्द | थकाई वा अल्छीपनले आँखा लट्ठ भई शरीर मन जागरुक नभएको अवस्था, निदाएको स्थिति | ५९ |
| ४ | पति | नाम | मूल शब्द | विवाहित महिलाको लोग्ने | ५९ |
| ५ | दिन | नाम | मूल शब्द | सूर्य उदाएपछि नअस्ताएसम्मको समय वा अवधि | ५९ |
| ६ | गेहेन्द्र | नाम | मूल शब्द | घर मालिक | ५९ |
| ७ | बालकुमारी | नाम | बाल+कुमारी | अंग्रेजीमा मेडेन हेयर ट्रि भनिने संसारमै ज्यादै कम पाइने दुर्लभ जातको मभ्कौला रुख | ५९ |
| ८ | भीम | विशेषण | भी+म | डरलाग्दो, भयङ्कर | ५९ |
| ९ | महाराज | नाम | महा+राजा | सार्वभौमसत्ता सम्पन्न ठूलो राजा | ५९ |
| १० | रोग | नाम | मूल शब्द | शरीरमा हुने अस्वस्थता विमार व्यथा | ५९ |
| ११ | रूप | नाम | मूल शब्द | कुनै वस्तु व्यक्ति आदिको बाहिरी स्वरूप आकार आकृति | ५९ |
| १२ | विश्वास | नाम | वि+श्वास | कुनै व्यक्ति वा उसको काममा भर पर्ने स्थिति वा भरोसा | ५९ |
| १३ | व्यवहार | नाम | वि+अव+हार | समाजमा एक एक व्यक्तिले अर्को व्यक्तिसँग कायम गर्ने सम्बन्ध आचरण, चालचलन | ५९ |

| | | | | | |
|---|---|---|---|---|---|
| १४ | शासन | नाम | शास+अन | सरकारले जनता माथि गर्ने नियन्त्रण वा नियमन, कानुन अनुसार देशमा अमनचयन कायम राख्ने काम | ५९ |
| १५ | शत्रु | नाम | मूल शब्द | कसैको अहित गर्ने व्यक्ति, कसैलाई घृणा गर्ने व्यक्ति | ५९ |
| १६ | नेपाल | नाम | ने+पाल | दक्षिण एसियामा पर्ने हिमालको दक्षिण भागमा अवस्थित अधिकांश पहाडीभूभाग भएको उत्तरमा चिन र दक्षिणमा भारतसँग जोडिएको देश, सगरमाथाको देश | ५९ |
| १७ | अनावश्यक | विशेषण | अन+आवश्यक | आवश्यक नभएको, चनाहिने, चासो बिनाको | ६० |
| १८ | जगत | नाम | ज+गत् | संसार, विश्व, दुनिया | ६० |
| १९ | त्रिभुवन | नाम | त्रि+भुवन | तीन भुवन | ६० |
| २० | देव | नाम | मूल शब्द | स्वर्गमा बस्छन् भनि ठानिएका अमर प्राणी, देवता | ६० |
| २१ | देवी | नाम | देव+ई | शक्तिकी प्रतीक मानिसकी स्त्री, देवता | ६० |
| २२ | पदच्युत | नाम | पद+च्युत | कुनै पदमा रहेको व्यक्तिलाई सो पदबाट हटाउने वा अवकास दिने काम | ६० |
| २३ | पारिवारिक | विशेषण | परिवार+इक | परिवारसँग सम्बन्धित परिवारमा हुने | ६० |
| २४ | भाषण | नाम | भाष्+अन | श्रोताहरूको समुहमा उभिइ समसामयिक विषयमा गरिने मौखिक व्याख्या, प्रवचन | ६० |
| २५ | रणोद्दीप | नाम | रण+उद्दीप | युद कुशल व्यक्ति | ६० |
| २६ | मृत्यु | नाम | मृज+ल्युट | मर्ने क्रिया, मरण, निधन, देहवसान | ६० |
| २७ | लङ्का | नाम | मूल शब्द | भारतको सुदुर दक्षिण क्षेत्रमा समुन्द्रको बीचमा टापुको रूपमा रहेको एक देश | ६० |

| | | | | | |
|---|---|---|---|---|---|
| २८ | वंश | नाम | व+अंश | मानिस वा त्यसको जातिको सन्तान खलक | ६० |
| २९ | रहस्यमय | विशेषण | रहस्य+मय | रहस्यले भरिएको रहस्यपूर्ण | ६० |
| ३० | वीर | नाम | मूल शब्द | साहसी व्यक्ति, उत्साही तथा आँटिलो मान्छे, बहादुरी | ६० |
| ३१ | शङ्का | नाम | शङ्क+आ | खराब हुन्छ कि भन्ने डर आशङ्का सन्देह | ६० |
| ३२ | वैज्ञानिक | विशेषण | विज्ञान+इक | विज्ञान सम्बन्धी, विज्ञानको | ६० |
| ३३ | शिक्षित | विशेषण | शिक्ष्+इत | शिक्षा प्राप्त गरेको, पढेलेखेको | ६० |
| ३४ | संसार | नाम | सम्+सार | पृथ्वीको सम्पूर्ण भूभाग विश्व दुनियाँ | ६० |
| ३५ | अति | क्रियायोगी | | बढ्ता, ज्यादा, असाध्य | ६१ |
| ३६ | अन्तराष्ट्रिय | विशेषण | अन्तर+राष्ट्रिय | अन्तर्राष्ट्रिय | ६१ |
| ३७ | असुरक्षित | विशेषण | अ+सुरक्षित | सुरक्षित नभएको, सुरक्षा बिनाको | ६१ |
| ३८ | उपचार | नाम | उप्+चार | कुनै रोगबाट छुटकाराका निम्ति गरिने उपाय, ओखती मुलो | ६१ |
| ३९ | करोड | नाम | क+रोड | एक करोड जनाउने सङ्ख्या | ६१ |
| ४० | कोष | नाम | कोष्+अ | धनमाल आदिको भण्डार ढुकुटी | ६१ |
| ४१ | पशुपतिनाथ | नाम | पशुपति+नाथ | पशुपति वा पशुपत क्षेत्रमा रहेको प्रसिद्ध देवता महादेव | ६० |
| ४२ | प्रजातान्त्रिक | विशेषण | प्रजातन्त्र+इक | प्रजातन्त्र भएको, प्रजातन्त्र सम्बन्धी लोकतान्त्रिक | ६१ |
| ४३ | भारत | नाम | भा+रत | दक्षिण एसियाको एक विशाल देश नेपालको दक्षिण सिमाना जोडिएको देश | ६१ |
| ४४ | भ्रम | नाम | भर्+म | एउटा वस्तुलाई अर्कै वस्तु ठान्दाको स्थिति | ६१ |
| ४५ | युवा | नाम | मूल शब्द | जवान, युवक, तन्नेरी | ६१ |
| ४६ | राज्यकोष | नाम | राज्य+कोष | राज्यको आम्दानी जम्मा हुने कोष, सरकारको ढुकुटी | ६१ |

| | | | | | |
|---|---|---|---|---|---|
| ४७ | विदेशी | विशेषण | विदेश+ई | अर्को देशको, अर्को देशमा रहेको वा बनेको | ६१ |
| ४८ | विभूषण | नाम | वि+भुष्+अन | गहना, आभूषण, अलङ्कार | ६१ |
| ४९ | विरुद्ध | नाम | वि+रुद्ध | कसैको विचार, मत आदिको विरोध | ६१ |
| ५० | विश्व | नाम | मूल शब्द | पृथ्वीको सम्पूर्ण भाग संसार जगत | ६१ |
| ५१ | सुरक्षित | विशेषण | सु+रक्षित | सुरक्षा गरिएको संरक्षित | ६१ |
| ५२ | षड्यन्त्र | नाम | षड्+यन्त्र | कसैको अहित वा अनिष्ट गर्न गरिने जालभ्फेल छलकपट | ६१ |
| ५३ | सत्ता | नाम | सत्+त+आ | रहँदा वा हुँदाको स्थिति विद्यमान अस्तित्व | ६१ |
| ५४ | सम्भावना | नाम | सम्+भावना | कुनै कुरा वा घटना हुन सक्ने परिस्थिति सम्भाव्यता | ६१ |
| ५५ | सम्बन्ध | नाम | सम्+बन्ध | कुनै वस्तुलाई अर्को वस्तुसँग जोड्ने काम योग | ६१ |
| ५६ | विश्वयुद्ध | नाम | विश्व+युद्ध | लडाई, विश्वस्तरको लडाई | ६१ |
| ५७ | स्तर | नाम | मूल शब्द | वस्तुको उचाई, तह, सतह | ६१ |
| ५८ | इतिहास | नाम | इति+ह+आस | कुनै देश जाती संस्था आदिको उत्पति र विकासको कथा | ६२ |
| ५९ | उन्मूलन | नाम | उत्+मुल्+अन | कुनै विरुवालाई जरा वा फेदसँगै उखेल्ने वा उजाड्ने काम | ६२ |
| ६० | कलङ्क | नाम | क+लङ्क | कुनै वस्तुमा लागेको दाग, टाटो | ६२ |
| ६१ | कीर्ति | नाम | कृत्+ति | असल कर्मबाट फैलने सुनाम प्रसिद्धि ख्याति | ६२ |
| ६२ | कृष्ण | नाम | मूल शब्द | भगवान विष्णुको अवतार | ६२ |
| ६३ | त्रास | नाम | ज+गत् | संसार, विश्व, दुनिया | ६२ |
| ६४ | दक्षिणा | नाम | दक्षिण+आ | यज्ञ पूजा आदि समाप्त भएपछि ब्राहमणलाई दिइने पैसा वा उपहार | ६२ |
| ६५ | दान | नाम | दा+न | आफूसँग भएको चिज अरूलाई दिने काम प्रदान गर्नु | ६२ |

| | | | | | |
|---|---|---|---|---|---|
| ६६ | दास | नाम | मूल शब्द | अरूबाट किनेर ल्याएको नोकर कमारो | ६२ |
| ६७ | दासप्रथा | नाम | दास+प्रथा | मानिसलाई पशु जस्तै किनवेच गरेर नोकर बनाउने प्रथा | ६२ |
| ६८ | ध्यान | विशेषण | ध्यै+अन | कुनै विषय वा कार्यमा विशेष रुचि लिई एकाग्र हुने काम एकाग्रता | ६२ |
| ६९ | नरक | नाम | न+रक | मरेपछि पापीहरू जाने ठाउँ | ६२ |
| ७० | पाठपूजा | नाम | पाठ+पूजा | देवी देवता सम्बन्धी पवित्र ग्रन्थ वाचन गर्ने र पूजा गर्ने काम | ६२ |
| ७१ | प्रथा | नाम | प्रथ+आ | पहिलेदेखि चलि आएको रीति चाल चलन | ६२ |
| ७२ | प्रायश्चित | नाम | प्राय+चित | आफुले जानी वा नजानिकन गरेको भुललाई महसुस गरी आइन्दा त्यस्तो नगर्ने गरिने प्रतिज्ञा | ६२ |
| ७३ | मन | नाम | मूल शब्द | आँखा कान आदि ज्ञानेन्द्रियका माध्यमले कुनै कुरा बुझ्ने तथा सम्झने अदृश्य तत्व | ६२ |
| ७४ | मान्यजन | नाम | मान्य+जन | मान्नुपर्ने मानिस आदर गर्नुपर्ने व्यक्ति मान्य व्यक्ति | ६२ |
| ७५ | यमदूत | नाम | यम+दूत | यमराजले खटाएको काम गर्ने तथा मर्ने बेलामा मान्छेलाई लिन आउने ठानिएको यमराजको दूत | ६२ |
| ७६ | शक्ति | नाम | शक्+ति | व्यक्ति, प्राणी आदिमा हुने क्षमता, सामर्थ्य बल | ६२ |
| ७७ | सती | नाम | सत्+ई | सत्य वा पतिव्रता धर्ममा रहेकी स्त्री सदाचारी स्त्री | ६२ |
| ७८ | सम्पत्ति | नाम | सम्+पत्ति | कसैको निजी अधिकारमा रहेको चल वा अचल धन, दौलत | ६२ |

| | | | | | |
|---|---|---|---|---|---|
| ७९ | आनन्द | नाम | आ+नन्द | मनमा अनुभव हुने खुसियाली | ६३ |
| ८० | क्षतिपूर्ति | नाम | क्षति+पूर्ति | नोक्सानी बेहोर्ने वा भराउने काम हानिको पूर्ति | ६३ |
| ८१ | घोषणा | नाम | घोषण्+आ | ठूलो आवाजमा कुनै निर्णय वा अठोट सुनाउने काम, उद्घोषण | ६३ |
| ८२ | चन्द्र | नाम | चन्द्र+अ | चन्द्रमा | ६३ |
| ८३ | दासदासी | विशेषण | दास+दासी | कमराकमारी, नोकर नोकर्नी | ६३ |
| ८४ | पद | नाम | मूल शब्द | योग्यता क्षमता आदिका आधारमा कसैलाई कामका लागि दिइने स्थान, दर्जा | ६३ |
| ८५ | प्रतिष्ठा | नाम | प्रति+स्था | कुनै व्यक्ति संस्था आदिको इज्वत मान | ६३ |
| ८६ | मुक्त | विशेषण | मुच्+त | कसैको अधीन वा बन्धनबाट छुटेको फुकुवा स्वतन्त्र | ६३ |
| ८७ | मूल्य | नाम | मुल्+य | कुनै सामान किनबेच गर्दा त्यसका लागि तोकिएको रकम, मोल | ६३ |
| ८८ | सन्तुष्टि | नाम | सम्+तुष्टि | सन्तुष्ट भएको अवस्था | ६३ |
| ८९ | सुख | नाम | मूल शब्द | मनमा हुने आनन्द मनमा शान्ति खुशियाली हर्ष | ६३ |

निद्रा कथा सम्पादक मण्डलबाट लिखित राणाकालीन ऐतिहासिक कथामा जम्मा १२०५ वटा शब्दहरूको प्रयोग भएको पाइन्छ । यस कथामा १६६ वटा तत्सम शब्दहरू रहेका छन् । यो प्रतिशतका दृष्टिले १३.७७ प्रतिशत तत्सम शब्दहरू आवृत्ति भएको पाइन्छ । निद्रा कथामा विभिन्न शब्दहरू आवृत्ति भएको पाइन्छ । जुन शब्दहरूलाई तालिकामा निम्नानुसार प्रस्तुत गरिएको छ ।

**तालिका नं. ९ : 'निद्रा' कथामा आवृत्ति भएका शब्दहरू**

| शब्दहरू | आवृत्ति सङ्ख्या |
|---|---|
| उपचार | २ |
| अन्तर्राष्ट्रिय | २ |
| बालकुमारी | १८ |
| आनन्द | २ |
| भारत | २ |
| रणोद्दीप | २ |
| एक | २ |
| राज्यकोष | २ |
| गेहेन्द्र | ५ |
| रोग | २ |
| घोषणा | २ |
| विरुद्ध | २ |
| चन्द्र | २४ |
| शङ्का | ३ |
| चिन्ता | ३ |
| शत्रु | १६ |
| दास | १७ |
| शासन | १८ |
| दासप्रथा | ३ |
| संसार | २ |
| दिन | ३ |
| सती | २ |
| देव | २ |
| सत्ता | २ |
| पद | २ |
| प्रथा | ४ |
| सम्पत्ति | २ |

निद्रा कथा सम्पादक मण्डलबाट लिखित राणाकालीन ऐतिहासिक कथामा २७ वटा शब्दहरू आवृत्ति भएको पाइन्छ भने जसमध्ये चन्द्र शब्द २४ पटक आवृत्ति भएको छ । यो शब्द सबैभन्दा बढि पटक आवृत्ति भएको पाइन्छ । सबैभन्दा कम आवृत्ति हुने शब्दहरू उपचार, अन्तराष्ट्रिय, आनन्द, भारत, रणोद्दीप, एक, राज्यकोष, रोग, घोषणा, विरुद्ध, संसार, सती, देव, सत्ता, पद र सम्पत्ति शब्दहरू सबैभन्दा कम २/२ पटक मात्र आवृत्ति भएको देखिन्छ ।

## ४.६ डाक्टर अङ्कल कथा

डाक्टर अङ्कल कथा कथाकार आत्माराम शर्मा पुडासेनीद्वारा लिखित सामाजिक यथार्थवादी कथा हो । यस कथामा पहाडी भूभागमा भारी बोक्नु, खेतीपाती गर्नु, घाँस दाउरा गर्नुपर्ने एउटा ग्रामिण परिवेशको समाजले गर्ने कार्यहरू प्रस्तुत गरिएको छ । निम्नवर्गीय किसानले परिवार पाल्न भारी बोक्न जाँदा आमाको मृत्यु हुनु र बाबुले नै सबै परिवार पाल्ने जिम्मेवारी लिनु, किसानको छोरी सानै उमेरमा बिहे गर्नु, किसानको छोरा पढ्दै गर्दा पढाइ छाडेर विदेश जानु, कान्छो छोराले बाबुसँगै घरमा बसेर दुःख गर्दै पढ्नु जस्ता विषयवस्तुले समाजको निम्नवर्गीय व्यक्तिहरूले जीवनलाई चित्रण गरिएको छ ।

यस कथामा समाजको निम्न वर्गका व्यक्तिहरूमा भएका योग्यता क्षमता, सीप धेरै भए पनि उनीहरूले अवसर पाएका हुँदैनन् । यदि अवसर पाउने हो भने उनीहरू पनि डाक्टर, इन्जिनियर त्यसैगरी राष्ट्रको उच्च पदसम्म पुग्न सक्छन् भन्ने कुरा देखाइएको छ । मेहनत र लगनशीलताले मानिसलाई सफलताको शिखरसम्म पुऱ्याउँछ । त्यसैले हामी मेहनती, परिश्रमी र लगनशील हुनुपर्दछ भन्ने भाव यस कथाको मूल आशय हो । अरूको घरमा बसेर विज्ञान विषय पढेर उत्कृष्ट हुनु, सरकारबाट छात्रवृत्ति पाई विदेश पढ्न जान पाउनु, एउटा निम्नवर्गीय शर्मा पुडासैनीले डाक्टर अङ्कललाई प्रतिनिधि पात्र बनाएर यस कथाको माध्यमबाट हाम्रो कर्म नै ईश्वर हो, कर्मले नै मानिसलाई महान बनाउँछ भन्ने सन्देश यस कथाले दिन खोजेको छ । हामी सधैँ उच्च विचार लिएर चन्द्रमा छुने लक्ष्य राख्छौ तब मात्र हामी सफलता पाउन सक्छौ भन्ने यस कथाको मूल आशय हो ।

तालिका नं. १० : 'डाक्टर अङ्कल' कथामा प्रयुक्त तत्सम शब्दहरू

| क्र.सं. | शब्द | वर्ग | व्युत्पत्ति | अर्थ | पृष्ठ |
|---|---|---|---|---|---|
| १ | अवस्था | नाम | अव+स्था | कुनै कार्य घटना आदिको स्थिति | ९९ |
| २ | कमल | नाम | क+मल | पोखरीमा हुने रातो, सेतो, पहिलो आदि विभिन्न रङ्मा पुल्ने फुल | ९९ |
| ३ | कर | नाम | मूल शब्द | कसैलाई इच्छाको विरुद्ध दबाबमा पारी कुनै कुरा गर्न गराउनु, बाध्य तुल्याउने क्रिया प्रक्रिया | ९९ |
| ४ | दिन | नाम | दिन+इन | दिउँसो समय | ९९ |
| ५ | नाम | नाम | मूल शब्द | कुनै व्यक्ति स्थान आदिलाई चिनाउने वा पहिचान दिने शब्द नाउँ | ९९ |
| ६ | नेपाल | नाम | ने+पाल | दक्षिण एसियामा पर्ने हिमालको दक्षिण भागमा अवस्थित | ९९ |
| ७ | पश्चिम | विशेष | पश्च+इम | सूर्य तारा आदि अस्ताउने दिशा | ९९ |
| ८ | प्रस्ताव | नाम | प्र+स्तु | कुनै सभा गोष्ठी आदिमा छलफलका लागि प्रस्तुत गरिने विषय | ९९ |
| ९ | बादल | नाम | बा+दल | घामको तापले पानी सोसिदाँ बनेको बाफको मुस्लो | ९९ |
| १० | युवा | नाम | मूल शब्द | जवान, युवक, तन्नेरी | ९९ |
| ११ | विदुर | नाम | वि+दुर | महाभारतका एक प्रसिद्ध पात्र | ९९ |
| १२ | सुनिता | नाम | सु+निता | राम्रोसँग हिडाउन सक्ने व्यक्ति | ९९ |
| १३ | सीतापुर | नाम | सीता+पुर | सीताको वस्ती | ९९ |
| १४ | अति | क्रियायोगी | अत्+इ | बढ्ता ज्यादा असाध्य | १०० |
| १५ | अशिक्षा | नाम | अ+शिक्षा | शिक्षा नभएको स्थिति | १०० |
| १६ | आधार | नाम | आ+धार | कुनै वस्तु अड्ने वा रहने ठाउँ जग टेको | १०० |
| १७ | आश्चर्य | नाम | आश्+चर्य | कुनै नयाँ अनौठो कुरा देख्दा लाग्ने अचम्म लाग्दो अनौठो | १०० |

| | | | | | |
|---|---|---|---|---|---|
| १८ | कष्टकर | विशेषण | कष्ट+कर | कष्ट हुने कष्टदायी, दुखदायी सङ्कटपूर्ण | १०० |
| १९ | कारण | नाम | कृ+अन | प्रभाव वा परिणाम उत्पन्न गर्ने कुनै पनि मूल तत्व वा परिणाम उत्पन्न गर्ने | १०० |
| २० | चलन | नाम | चल्+अन | चलि आएको स्थिति, चाल चलन | १०० |
| २१ | दस | नाम | मूल शब्द | नौ भन्दा पछि आउने सङ्ख्या | १०० |
| २२ | दुर्दशा | नाम | दुर्+दशा | आपतविपत् परेको अवस्था दुर्गति | १०० |
| २३ | परदेश | नाम | पर+देश | अर्काको देश विदेश | १०० |
| २४ | परिवार | नाम | परि+वार | रगत वीर्य, नाता, घर, अनुकलता र वैवाहिक सम्बन्धले संयुक्त भएका मानिसका समूह | १०० |
| २५ | बुद्धि | नाम | बुद्ध+इ | बुझ्‍ सोच विचार गर्ने तथा निर्णय तथा सक्ने मानसिक शक्ति | १०० |
| २६ | माया | नाम | मूल शब्द | आफूभन्दा सानाप्रति गरिने स्नेह | १०० |
| २७ | मुटु | नाम | मूल शब्द | छातीको देब्रेपट्टि भित्र रहने रक्त सञ्चारको मूल अङ्ग, हृदय | १०० |
| २८ | मृत्यु | नाम | मृत्+यु | देवहावसन, निधन, मरण | १०० |
| २९ | विज्ञान | नाम | वि+ज्ञान | भौतिक विषयको सिद्धान्त, प्रयोगात्मक विवेचना गरिएको शास्त्र | १०० |
| ३० | सन्तान | नाम | सम्+तान | छोराछोरी नाति नातिना आदि | १०० |
| ३१ | समय | नाम | मूल शब्द | मिनेट, घण्टा, दिन, रात, हप्ता, महिना, वर्ष, युग आदिलाई जनाउने शब्द काल | १०० |
| ३२ | समस्या | नाम | मूल शब्द | समाधान गर्न गाह्रो कुनै जटिल कुरा | १०० |
| ३३ | सम्पूर्ण | विशेषण | सम्+पूर्ण | सबै भएभरको जम्मा सारा | १०० |
| ३४ | सहमति | नाम | सह+मति | सल्लाहमा सहमत हुँदाको स्थिति | १०० |
| ३५ | अञ्चल | नाम | मूल शब्द | क्षेत्र प्रदेश वा भाग | १०१ |
| ३६ | अनुभव | नाम | अनु+भव | देखेर वा भोगेर आर्जन गरिने ज्ञान, पढेर होइन परेर जानिने कुरा भोगाई | १०१ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३७ | अक्षर | नाम | अ+क्षर | रूप भन्दा सानो र ध्वनिभन्दा ठूलो ध्वन्यात्मक एकाई | १०१ |
| ३८ | कक्षा | नाम | मूल शब्द | दर्जा श्रेणी स्थान | १०१ |
| ३९ | गुरु | नाम | मूल शब्द | पढाउने व्यक्ति, शिक्षक अध्यापक | १०१ |
| ४० | ज्ञानी | विशेषण | ज्ञान+ई | चकचक नगर्ने भनेको मान्ने, भलाद्मी भएर बस्ने | १०१ |
| ४१ | दुःख | विशेषण | दुर+ख | शारीरिक वा मानसिक रूपमा हुने पिडा | १०१ |
| ४२ | नेपाली | नाम | नेपाल+ई | नेपालका वासिन्दा, नेपालका नागरिक | १०१ |
| ४३ | प्रश्न | नाम | मूल शब्द | जान्ने इच्छाले कसैलाई केही सोध्ने काम, आफ्नो उत्सुकता शान्त पार्न गरिने सोधाइ | १०१ |
| ४४ | भविष्य | नाम | भू+इ+स्य | वर्तमान भन्दा पछिको समय भविष्यको काल | १०१ |
| ४५ | मुख | नाम | मूल शब्द | प्राणीहरूको खाना र बोल्नको लागि उपयोगी अङ्ग | १०१ |
| ४६ | रूप | नाम | मूल शब्द | आँखाले थाहा पाइने कुनै व्यक्ति वा वस्तुको आकार र रङ्ग वा वर्ण अनुहार, चेहरा | १०१ |
| ४७ | वर्णन | नाम | वर्ण+अन | कुनै वस्तु वा विषयको बारेमा विस्तार सहित कथन | १०१ |
| ४८ | वर्तमान | नाम | वृत+मान | अहिले भइरहेको वा चलिरहेको अहिलेको समसामयिक | १०१ |
| ४९ | विगत | नाम | वि+गत | गएको बितेको, गत | १०१ |
| ५० | विचार | नाम | वि+चार | कुनै विषय समस्या आदिको बारेमा सोचिएको कुरा | १०१ |
| ५१ | विद्यार्थी | नाम | विद्या+अर्थी | विद्याको चाहना राख्ने व्यक्ति | १०१ |
| ५२ | व्यक्ति | नाम | वि+अञ्ज+नि | पृथक् मान्छे भिन्न मान्छे | १०१ |
| ५३ | व्यापारी | नाम | व्यापार+ई | व्यापार गर्ने व्यक्ति, विक्रेता | १०१ |

| | | | | | |
|---|---|---|---|---|---|
| ५४ | शिक्षक | विशेषण | लगन+शील | शिक्षा दिने वा विद्यालयमा पढाउने व्यक्ति | १०१ |
| ५५ | श्रेणी | विशेषण | शीर्ष+क | कुनै वस्तुको एकभन्दा बढीको क्रम लहर शृङ्खला वा ताँती | १०१ |
| ५६ | सहन | नाम | सह+अन | सहने काम वा प्रक्रिया | १०१ |
| ५७ | सहयोगी | विशेषण | सहयोग+ई | एक अर्कालाई गरिने मद्दत पारम्परिक सहायता | १०१ |
| ५८ | अनुशासित | विशेषण | अनु+शास+इत | अनुशासनमा रहेको निर्धारित आचार तथा व्यवहारको पालना गर्ने नियम रहेको | १०२ |
| ५९ | अवसर | नाम | अव+सर | कुनै काम गर्नका लागि अनुकुल मौका,संयोग | १०२ |
| ६० | उत्कृष्ट | विशेषण | उत्+कृष्ट | सबभन्दा राम्रो श्रेष्ठ उत्तम असल | १०२ |
| ६१ | उतीर्ण | विशेषण | उत्+तीर्ण | जाँच दिएर पास भएको पार लागेको सफल | १०२ |
| ६२ | एक | नाम | मूल शब्द | पूर्ण राशिको सङ्ख्या क्रमका हिसाबले पहिलो सङ्ख्या १ को अङ्क | १०२ |
| ६३ | कथा | नाम | कथ्+आ | घटना वा आख्यान भएको रचना कहानी | १०२ |
| ६४ | छात्रवृत्ति | नाम | छात्र+वृत्ति | अध्ययनमा सजिलोको लागि छात्रछात्राहरूलाई दिइने वृत्ति वा निर्वाह भत्ता | १०२ |
| ६५ | प्रवेशिका | नाम | प्रवेश+इका | विद्यालय शिक्षाको अन्तिम तह, उच्च शिक्षाको प्रवेश गर्नका लागि विद्यालय शिक्षाको अन्तिम तह | १०२ |
| ६६ | प्रथम | विशेषण | प्रथ+म | गन्ती गर्दा पहिलो | १०२ |
| ६७ | मार्मिक | विशेषण | मर्म+इक | मर्मलाई हुने हृदयलाई प्रभावित पार्ने मर्मस्पर्शी | १०२ |

| | | | | | |
|---|---|---|---|---|---|
| ६८ | रुचि | नाम | रुच+ई | खाने इच्छा, स्वाद ओक | १०२ |
| ६९ | लगनशील | नाम | लगन+शील | लगन भएको, इलममा राम्ररी लागेको | १०२ |
| ७० | वर्ष | नाम | मूल शब्द | १२ महिनाको समय वा सो अवधि ३६५ दिनको समयावधि | १०२ |
| ७१ | विदेश | नाम | वि+देश | आफ्नो मुलुकभन्दा भिन्न मुलुक | १०२ |
| ७२ | विद्यालय | नाम | विद्या+आलय | विद्यार्थीलाई पढाउने सुविधा भएको ठाउँ | १०२ |
| ७३ | विवाह | नाम | वि+वह | पुरुष र स्त्रीका बीच पति र पत्नीको सम्बन्ध गाँस्ने धार्मिक कार्य, सामाजिक संस्कार, विहा विहे | १०२ |
| ७४ | विषय | नाम | वि+सय | त्यस्तो कुरा जसको बारेमा बयान गरिन्छ छलफल गरिन्छ लेखिन्छ वा पढिन्छ | १०२ |
| ७५ | सहयोग | नाम | सह+योग | एक अर्कालाई गरिने मद्धत, सहायता | १०२ |
| ७६ | सान्तवना | नाम | सान्त्व+ना | कसैलाई शोक पर्दा वा हानी हुँदा सम्झाउने वा बुझाउने काम | १०२ |
| ७७ | गौरव | नाम | गौ+रव | महिमा महŒव गुरुत्व | १०३ |
| ७८ | संसार | नाम | सम्+सार | पृथ्वीको सम्पूर्ण भूभाग विश्व दुनियाँ | १०३ |

कथाकार आत्माराम शर्मा पुडासैनीद्वारा लिखित डाक्टर अङ्कल कथामा जम्मा ११९१ वटा शब्दहरूको प्रयोग भएको छ । जसमध्ये १६५ वटा शब्दहरू तत्सम शब्द रहेका छन् । प्रतिशतका दृष्टिले हेर्दा १३.८६ प्रतिशत तत्सम शब्दहरूको प्रयोग यस कथामा पाउन सकिन्छ ।

तालिका नं. ११ : 'डाक्टर अङ्कल' कथामा आवृत्ति भएका शब्दहरू

| शब्दहरू | आवृत्ति सङ्ख्या |
|---|---|
| अनुभव | २ |
| वर्तमान | २ |
| एक | ६ |
| वर्ष | ३ |
| कथा | ७ |
| विचार | ५ |
| कलम | ८ |
| विदेश | ८ |
| कक्षा | २ |
| विद्यार्थी | २ |
| कारण | ३ |
| विद्यालय | ९ |
| गुरु | ८ |
| विज्ञान | २ |
| दस | ३ |
| शीर्षक | २ |
| दिन | ९ |
| समय | ३ |
| समस्या | ४ |
| सहयोगी | २ |
| दु:ख | ५ |
| नेपाल | २ |
| सुनिता | ७ |
| प्रश्न | ४ |
| सितापुर | ४ |
| माया | ६ |
| मुख | २ |

'डाक्टर अङ्कल' कथाकार आत्माराम शर्मा पुडासैनीद्वारा लिखित सामाजिक यथार्थवादी कथामा २६ वटा शब्दहरू आवृत्ति भएको पाइन्छ । सबैभन्दा बढी दिन र विद्यालय शब्द ९/९ पटक आवृत्ति भएको पाइन्छ । सबैभन्दा कम आवृत्ति भएका शब्दहरू अनुभव, वर्तमान, कक्षा, विद्यार्थी, विज्ञान, शीर्षक, सहयोग, नेपाल र मुख शब्दहरू २/२ पटक मात्र आवृत्ति भएको देखिन्छ ।

### ४.७ बन्धनबाट मुक्ति कथा

कथाकार राजेन्द्र विमलद्वारा लिखित 'बन्धनबाट मुक्ति' कथा सामाजिक यथार्थवादी कथा हो । यस कथा पारिवारीक परिवेशलाई आधार मानि लेखिएको कथा हो । राजेन्द्र विमल आञ्चलिक कथाकारको रूपमा परिचित सफल कथाकार हुन् । यिनको कथा सङ्ग्रहहरू, राजेन्द्र विमलका कथा २०६२, समयका आँखा २०६९, लङ्का काण्ड आदि कथाहरू लेखेका छन् । यस कथामा मास्टर चोआलालको तीन छोराहरूलाई पात्रका रूपमा देखाइएको छ । ती छोराहरू मध्ये दुई जना पढ्नमा अव्वल भएकाले छात्रवृत्तिमा पढन पाएको थिए भने कान्छो छोरा पढ्दा पढ्दै कुसङ्गतमा लागि कुलतमा फसेको देखाइएको छ ।

यस कथामा चोलालको पत्नी धेरै रोगबाट पिडित भई उपचारको क्रममा मृत्यु हुन्छ । पत्नीको मृत्यु पश्चात चोआलाल विधुर भएर छोरा बुहारीहरूको अपहेलना सहदै बिजोग भएर बस्नु पर्ने अवस्था यस कथामा देखाएको छ । मानिसको मृत्यु पश्चात सामाजिक नियम अनुसार काजक्रिया र शुद्धशान्ति गर्नु पर्दछ भन्ने सन्देश यस कथामा देखाइएको पाइन्छ । यस कथामा सम्पत्तिमा सबैको आँखा लाग्ने, सम्पत्तिको नाममा अंश बन्डामा दाजुभाइ बीच लडाईं झगडा हुने देखाइएको छ ।

पढेलेखेका शिक्षित छोरा बुहारीहरूले आफ्नो जन्म दिने बाबा आमालाई बुढेशकालमा हेरचाह नगर्ने, नराम्रो व्यवहार गर्ने, बोझको रूपमा लिने यस कथामा प्रष्ट देखाइएको छ । बुढेशकाल भनेको खहरेले बगाएर ल्याई बगरमा फालिएको बग्रेठो जस्तै हुन्छ भन्ने सन्देश दिइएको छ । यस कथामा बुढेशकालको दुःख वेदनालाई प्रष्ट रूपमा देखाइएको पाइन्छ भने शिष्यहरूले गुरुलाई गर्ने माया सम्मानलाई दखाइएको छ । बुढेशकालको साहारा भनेको वृद्धाश्रम देवघाट हो भन्ने कुरा देखाइएको पाइन्छ । जहाँ भजन कृतन गरी आनन्द जीवन खुशी जीवन बिताउन सकिन्छ भन्ने सन्देश यस कथामा देखाइएको छ ।

तालिका नं. १२ : 'बन्धनबाट मुक्ति' कथामा प्रयुक्त तत्सम शब्दहरू

| क्र.सं. | शब्द | वर्ग | व्युत्पत्ति | अर्थ | पृष्ठ |
|---|---|---|---|---|---|
| १ | दुतावास | नाम | दुता+वास | कुनै देशमा अन्य राजदुत वाणिज्यदुत आदि अधिकारी रहने ठाउँ | १४७ |
| २ | विधुर | नाम | वि+धुर | पत्नी मरेको पुरुष राँडो | १४७ |
| ३ | मृत | विशेषण | मृ+त | प्राण गएको मृत्यु भएको मरेको | १४७ |
| ४ | रोग | नाम | मूल शब्द | शरीरमा हुने अस्वस्थता विमार | १४७ |
| ५ | मुटु | नाम | मूल शब्द | छातीको देव्रेपट्टि भित्र रहने रक्त सञ्चारको मूल अङ्ग हृदय | १४७ |
| ६ | पत्नी | नाम | पत्+नी | कसैको विवाहित स्त्री | १४७ |
| ७ | उपचार | नाम | उप+चार | कुनै रोगबाट छुटकाराका निम्ति गरिने उपाय | १४७ |
| ८ | उच्च | नाम | मूल शब्द | उचाई भएको अग्लो, उचो | १४७ |
| ९ | इष्टमित्र | नाम | इष्ट+मित्र | हित चाहने व्यक्ति हितैषी मित्र | १४७ |
| १० | इश्वर | नाम | इश+वरच | सम्पूर्ण विश्व ब्रहमाण्ड वा सृष्टिलाई बनाउने | १४७ |
| ११ | चित्र | नाम | चित्+त | मन | १४७ |
| १२ | शिव्य | नाम | शास्+य | विद्यार्थी छात्र | १४७ |
| १३ | मृत्यु | नाम | मृत्+यु | मर्ने क्रिया मरण, निधन | १४७ |
| १४ | प्रिय | विशेषण | प्री+य | मनपर्ने प्यारो माया लाग्दो, स्नेही | १४७ |
| १५ | श्रीमती | विशेषण | श्री+मत्+ई | विवाहित महिलाको नाम अगाडि आउने सम्मानबोधक शब्द | १४७ |
| १६ | समय | नाम | मूल शब्द | मिनेट, घण्टा, दिन, रात, हप्ता, महिना, वर्ष,युग आदिलाई जनाउने शब्द, काल | १४७ |
| १७ | समचार | नाम | सम्+चार | कुनै घटना गतिविधि आदिसँग सम्बन्धित नयाँ कुरा, खबर | १४७ |
| १८ | स्वभाव | नाम | स्व+भाव | आफ्नोपन, निजीपन, निजत्व | १४७ |
| १९ | सेवन | नाम | सेव्+अन | सेवा गर्ने काम चाकरी | १४७ |

| | | | | | |
|---|---|---|---|---|---|
| २० | गणित | नाम | गण्+इत | गणना वा हिसाबसँग सम्बन्धित शास्त्र, जोड, घटाउ, गुणन, भागसँग सम्बन्धित शास्त्र | १४७ |
| २१ | अन्त्य | नाम | अन्त्+य | सबभन्दा पछिल्लो, पुच्छारको, आखिरको, अन्त्यको | १४७ |
| २२ | अनेक | विशेषण | अन्+एक | एकभन्दा बढी, धेरै, थुप्रै | १४७ |
| २३ | शिक्षक | नाम | शिक्ष+अक | शिक्षा दिने व्यक्ति, पढाउने मानिस | १४७ |
| २४ | सूर्यनाथ | नाम | सूर्य+नाथ | सूर्यको पनि मालिक | १४७ |
| २५ | छात्रवृत्ति | नाम | छात्र+वृत्ति | अध्ययनमा सजिलोका लागि दिइने वृत्ति वा निर्वाहा भत्ता | १४७ |
| २६ | व्यवस्थापन | नाम | व्यवस्था+अन | कुनै गतिविधिको चाँजोपाँजो तथा व्यवस्था मिलाउने काम | १४७ |
| २७ | शुभेच्छुक | नाम | शुभ+इच्छा | शुभेच्छु | १४७ |
| २८ | दिन | नाम | मूल शब्द | दिउँसोको समय | १४८ |
| २९ | एक | नाम | मूल शब्द | पूर्ण राशिमा सङ्ख्या क्रमका हिसाबले पहिलो सङ्ख्या १ को अंक | १४८ |
| ३० | मुण्डन | नाम | मण्ड+अन | कपाल खौरने काम | १४८ |
| ३१ | आशिर्वाद | नाम | आशिस्+वाद | मान्यजनले सानालाई दिने आशिष, शुभ कामना सहितको वचन आशिक | १४८ |
| ३२ | दान | नाम | दा+न | आफूसँग भएको चिज अरूलाई दिने काम | १४८ |
| ३३ | भोज | नाम | मूल शब्द | मान्छेलाई खुवाउने काम वा त्यस्तो अवसर | १४८ |
| ३४ | पद | नाम | पद्+अ | योग्यता क्षमता आदिका आधारमा कसैलाई कामका लागि दिइने दर्जा पदवी | १४८ |
| ३५ | सुख | नाम | मूल शब्द | मनमा हुने आनन्द मनको शान्ति | १४८ |
| ३६ | निर्जीव | विशेषण | निर्+जीव | जीव वा प्राण नभएको, मरेको, मृत | १४८ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३७ | मन | नाम | मूल शब्द | आँखा, कान आदि ज्ञानेन्द्रियका माध्यमले कुनै कुरा बुझ्ने तथा सम्झने अदृश्य तत्व | १४८ |
| ३८ | प्रश्न | नाम | मूल शब्द | जान्ने इच्छाले कसैलाई केहि सोध्ने काम आफ्नो उत्सुकता शान्त पार्न गरिने सवाल | १४८ |
| ३९ | कोष | नाम | मूल शब्द | धनमाल, अन्न आदिको भण्डार ढुकुटी खजाना कोश | १४८ |
| ४० | गोष्ठी | नाम | गोष्ठ+ई | विषयका व्यक्ति वा विद्वानहरूको भेला भई गरिने छलफल वा विचार विमर्श | १४८ |
| ४१ | गुरुता | नाम | गुरु+ता | गुरु हुँदाको स्थिति गुरुमा हुने गुण | १४८ |
| ४२ | असाहय | विशेषण | अ+सहाय | सहायता नपाएको, कसैले साथ नदिएको कोही सहयोगी वा मदत नभएको | १४८ |
| ४३ | भाव | नाम | भु+अ | कुनै कथन रचना आदिको मुख्य अभिप्राय तात्पर्य | १४८ |
| ४४ | निर्णय | नाम | निर्+नय | पक्षविपक्षका जिकिरलाई प्राणका आधारमा छानविन गरी सत्यपक्षको विजय बारे गरिएको फैसला | १४८ |
| ४५ | कुशासन | नाम | कु+शासन | कानुन बमोजिम नचलेको प्रशासन | १४८ |
| ४६ | अट्टहाँस | नाम | अट्ट+हाँस | खित्का छोडेर हाँस्ने काम | १४९ |
| ४७ | आयोजना | नाम | आयो+जना | कुनै काम गर्नको निम्ति पहिलेदेखि गरिएको प्रबन्ध इन्तजाम बन्दोबस्त | १४९ |
| ४८ | अन्याय | नाम | अ+न्याय | नीति तथा नियम विरुद्ध गरिने स्थिति | १४९ |
| ४९ | वात्सल्य | नाम | वत्सल+य | सानाप्रति ठूलावडाको स्नेह वा ममता आमा बाबुले सन्तानप्रति दर्साउने माया | १४९ |
| ५० | युवक | नाम | युव+क | किशोर अवस्था पार प्रौढ अवस्था नपुगेको पुरुष | १४९ |
| ५१ | ज्वाला | नाम | ज्वल+आ | आगोको मुस्लो, लप्को | १४९ |

| | | | | | |
|---|---|---|---|---|---|
| ५२ | जन्म | नाम | जन्+म | निश्चित अवधि पुरा भएपछि आमाको कोखबाट बच्चा निस्कने क्रिया प्रसव पैदा | १४९ |
| ५३ | पूर्व | नाम | मूल शब्द | सूर्य चन्द्रमा आदि उदाउने दिशा | १४९ |
| ५४ | भव्य | विशेषण | भू+य | आकर्षक, सुन्दर उत्तम | १४९ |
| ५५ | आत्मा | नाम | आत्म+आ | शरीरलाई जीवित राख्ने विश्वास गरिएको अदृश्य मूल तत्व | १४९ |
| ५६ | परदेशी | विशेषण | परदेश+ई | परदेशमा बस्ने | १४९ |
| ५७ | अवस्था | नाम | अव+स्था | कुनै कार्य घटना आदिको स्थिति | १४९ |
| ५८ | संसार | नाम | सम्+सार | पृथ्वीको सम्पूर्ण भूभाग, विश्व, दुनियाँ | १४९ |
| ५९ | रङ्गढङ्ग | नाम | रङ्ग+ढङ्ग | कुनै कामको ढाँचाकाँचा चालढाल तौर तरिका | १५० |
| ६० | अनुभूति | नाम | अनु+भूति | इन्द्रियबाट ग्रहण हुने संवेदना, अनुभव महशुस | १५० |
| ६१ | परिवार | नाम | परि+वार | एउटै घरमा बसी एकै भान्सामा खाने एकै बाबुआमाका सन्तान, जहान | १५० |
| ६२ | महाभारत | विशेषण | महा+भारत | व्यासद्वारा रचना गरिएका १८ पर्वमा विभाजित | १५० |
| ६३ | सम्पत्ति | नाम | सम्+पति | कसैको निजी अधिकारमा रहेको चल वा अचल धन, धन दौलत | १५० |
| ६४ | प्रस्ताव | नाम | प्र+स्तु | कुनै सभा गोष्ठी आदिमा छलफलका लागि प्रस्तुत गरिने विषय | १५० |
| ६५ | सपरिवार | विशेषण | स+परिवार | परिवार सहितको जवान वा केटाकेटी समेतको | १५० |
| ६६ | वृद्धाश्रम | नाम | विद्धा+श्रम | वसोवास र खानपानको समेत प्रबन्ध भएको विद्यालय, गुरुकुल | १५० |
| ६७ | अनुरोध | नाम | अनु+रोध | कुनै कामका लागि कसैसँग आग्रह विनम्र साथ गरिने निवेदन बिन्ती | १५० |
| ६८ | दुर्गति | नाम | दुर्+गति | खराब अवस्था, दुर्दशा, दुःखस्था बेहाल | १५० |
| ६९ | अपाच्य | विशेषण | अ+पाच्य | नपच्ने, सहन नसक्ने | १५० |
| ७० | अप्रत्यासित | विशेषण | अ+प्रत्यासित | आशा वा अपेक्षा नगरिएको, नसोचिएको | १५० |

| | | | | | |
|---|---|---|---|---|---|
| ७१ | अन्तिम | विशेषण | अन्त+इम | सबभन्दा पछिल्लो, पुछारको, आखिरको अन्त्यको | १५० |
| ७२ | सुमधुर | विशेषण | सु+मधुर | सुन्दा मिठो बोली | १५० |
| ७३ | विवाह | नाम | वि+वह | पुरुष र स्त्रीका बीच पनि पत्नीको सम्बन्ध गास्ने धार्मिक कार्य, सामाजिक संस्कार | १५० |
| ७४ | स्मृति | नाम | स्मृ+ति | सम्झना स्मरण हेक्का | १५० |
| ७५ | राजमार्ग | नाम | राज्य+मार्ग | देशको मुख्य सकड वा मार्ग मूल सडक लोकमार्ग | १५० |
| ७६ | देवघाट | नाम | देव+घाट | तनहु जिल्लाको दक्षिणतिर रहेको त्रिशुली र कालीगण्डकी नदीको सङ्गमस्थल | १५० |
| ७७ | सन्यास | नाम | सम्+न्यास | हिन्दुहरूको वर्णश्रम धर्मक चौथो आश्रम | १५० |
| ७८ | वरण | नाम | व्र+वन | कुनै मङ्गल कार्य गर्दा जजमानले पुरोहितलाई आसन, वस्त्र आदि लिइ टिका लगाउने काम | १५० |
| ७९ | सन्यासी | विशेषण | सन्यास+ई | सन्यास धर्म लिएको संसारिक जीवनबाट विरक्त भई घरबार त्यागेको | १५० |
| ८० | परिधान | विशेषण | परि+धान | मानिसको लुगा बस्त्र | १५० |
| ८१ | अशक्त | नाम | अ+शक्+त | शारीरिक वा मानसिक शक्ति नभएको असमर्थ, सामर्थ्यहीन | १५१ |
| ८२ | विवश | विशेषण | वि+वश | इन्छा भएपनि केही गर्न नसक्ने, केही गर्न नसक्ने, बाध्यता परेको लाचार | १५१ |
| ८३ | स्वर | नाम | मूल शब्द | व्यक्त वा अव्यक्त आवाज | १५१ |
| ८४ | मधुर | विशेषण | म+धुर | मिठो किसिमको आनन्द | १५१ |
| ८५ | हृदय | नाम | हृत+अय | प्राय सबै प्राणीको शरीरमा छातिभित्र बायाँ तिर हुने स्पन्दनद्वारा शरीरभरि शुद्ध रगत फिजाउने मांसकोश मुटु | १५१ |
| ८६ | प्रवचन | नाम | प्र+वचन | कुनै विषयमा श्रोतहरूले राम्ररी बुझ्ने गरी प्रभावकारी ढङ्गबाट भन्ने क्रिया | १५१ |

| | | | | | |
|---|---|---|---|---|---|
| ८७ | जन्मस्थान | नाम | जन्म+स्थान | जन्म भएको ठाउँ जन्मेको थलो जन्मभूमि | १५१ |
| ८८ | भक्त | नाम | भज्+त | ईशवरप्रति आस्था राख्ने व्यक्ति इश्वरको भक्ति गर्ने मानिस | १५१ |
| ८९ | सन्तान | नाम | सम्+तान | छोराछोरी नाति नातिनी आदि सन्तति | १५१ |
| ९० | सत्य | विशेषण | सत्+य | जस्तो छ त्यस्तो साँचो, सन्देह नभएको यथार्थ | १५१ |
| ९१ | बोध | नाम | बुध+अ | सुनेर, पढेर, हेरेर कुनै कुरा बुझ्ने काम वा त्यस्तो क्षमता | १५१ |
| ९२ | बन्धन | नाम | बन्ध+अन | बाँध्ने काम वा प्रक्रिया | १५१ |
| ९३ | मुक्त | नाम | मुच्+त | कसैको अधिन वा बन्धनबाट छुटेको, फुक्का स्वतन्त्र | १५१ |

**बन्धनबाट मुक्ति** कथाकार राजेन्द्र विमलद्वारा लिखित यस कथामा जम्मा ११९५ वटा शब्दहरू प्रयोग भएको छ । ती मध्ये १८० वटा शब्दहरू तत्सम शब्द रहेका छन् । प्रतिशतका दृष्टिले १५.०७ प्रतिशत तत्सम शब्दहरू यस कथामा प्रयोग भएको पाइन्छ ।

**तालिका नं. १३ : 'बन्धनबाट मुक्ति' कथामा आवृत्ति भएका शब्दहरू**

| शब्दहरू | आवृत्ति सङ्ख्या |
|---|---|
| उपचार | ३ |
| भोज | ५ |
| असमय | २ |
| मन | ३ |
| एक | ४ |
| युवक | २ |
| कर्म | ३ |
| शुद्धशान्ति | २ |
| चित्र | २ |
| संसार | ४ |
| सञ्चयकोश | २ |

| | |
|---|---|
| देवघाट | २ |
| श्रीमती | ५ |
| प्रस्ताव | ५ |
| सपरिवार | ३ |
| बन्धन | २ |
| समय | ६ |
| बोध | २ |
| भजन | ३ |
| हृदय | २ |

'बन्धनबाट मुक्ति' कथामा २१ वटा तत्सम शब्दहरू आवृत्ति भएको पाइन्छ भने जसमध्ये समय शब्द सबैभन्दा बढी ६ पटक आवृत्ति भएको देखिन्छ । असमय, युवक, शुद्धशान्ती चित्त सञ्चयकोश देवघाट, बन्धन बोध र हृदय शब्दहरू सबैभनदा कम २ पटक मात्र आवृत्ति भएको देखिन्छ ।

**४.८ छलफल तथा व्याख्या**

कक्षा नौको नेपाली पाठ्यपुस्तकमा रहेका २ वटा निबन्ध र ४ ओटा कथामा भएका तत्सम शब्दहरूको अध्ययन गर्दा "म को हुँ" निबन्धमा जम्मा १४६९ वटा शब्दहरू रहेका छन् । ती मध्ये २६२ वटा तत्सम शब्दहरू रहेका छन् । यो कुल सङ्ख्याको १७.८५ प्रतिशत रहेको छ । त्यस्तै "जैविक खेती" निबन्धमा जम्मा १०८६ ओटा शब्दहरू रहेका छन् । ती मध्ये तत्सम शब्दहरू १३६ वटा रहेका छन् । यो कुल संख्याको १२.५३ प्रतिशत रहेका छन् । प्रतिशतका आधारमा हेर्दा सबैभन्दा धेरै तत्सम शब्दको प्रयोग "म को हुँ" निबन्धमा देखिन्छ ।

उक्त पाठ्यपुस्तकमा रहेका चार ओटा कथाहरू मध्ये पहिलो "दुई मितको कथा" मा जम्मा १६२१ वटा शब्दहरू रहेका छन् । ती मध्ये १५४ वटा तत्सम शब्दहरू रहेका छन् । यो कुल सङ्ख्याको प्रतिशत रहेको छ । त्यस्तै "निद्रा कथा" मा जम्मा १२०५ ओटा शब्दहरू प्रयोग भएको पाइन्छ । जसमा १६६ ओटा तत्सम शब्दहरू रहेका छन् । यो कुल सङ्ख्याको १३.७७ प्रतिशत रहेका छन् । त्यस्तै "डाक्टर अङ्कल" कथामा जम्मा ११९१ ओटो शब्दहरू रहेका छन् । यो कुल सङ्ख्याको १३.८६ प्रतिशत तत्सम शब्दहरूको प्रयोग यस कथामा पाउन सकिन्छ । त्यस्तै "बन्धनबाट मुक्ति" कथामा जम्मा ११९५ वटा शब्दहरू प्रयोग भएको पाइन्छ । ती मध्ये १८० ओटा तत्सम शब्दहरू रहेका छन् । यो कुल सङ्ख्याको

१५.०७ प्रतिशत तत्सम शब्दहरू यस कथामा प्रयोग भएको पाइन्छ । यी चार वटा कथाहरूमा प्रतिशतका आधारमा सबैभन्दा धेरै तत्सम शब्दहरूको प्रयोग “बन्धनबाट मुक्ति” कथामा देखिन्छ भने थोरै तत्सम शब्दहरूको प्रयोग “दुई मितको कथा” मा कुल सङ्ख्याको १०.५२ प्रतिशत तत्सम शब्दहरूको प्रयोग भएको पाइन्छ ।

## अध्याय : पाँच

## निष्कर्ष, उपयोगिता र सुझाव

### ५.१ निष्कर्ष

कक्षा नौ को नेपाली पाठ्यपुस्तकमा समावेश गरिएका दुई वटा निबन्ध र चार वटा कथाहरूमा तत्सम शब्दहरूको अध्ययन तथा विश्लेषणबाट प्राप्त निष्कर्ष अर्थात यो शोधकार्यको निष्कर्षलाई बुँदागत रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ :

- शोधपत्रको सुरुमा भाषा, शब्द शब्द वर्गीकरण शीर्षक प्रयोजन आदिलाई प्रस्तुत गरिएको,
- संस्कृत भाषाबाट जस्ताको तस्तै रूप नफेरिई नेपाली भाषामा प्रयोगमा आएका शब्दलाई तत्सम शब्द भनिएको,
- तत्सम शब्दको अर्थ र तात्पर्यलाई प्रष्ट पारिएको,
- शब्दलाई शब्द वर्ग बनोट प्रक्रियाका आधारमा वर्गीकरण गरिएको,
- तत्सम शब्दहरूलाई शब्द, वर्ग, व्युत्पत्ति, पाठ, आवृत्ति र पृष्ठ सङ्ख्या समेत उल्लेख गरिएको,
- कुन पाठमा जम्मा कति शब्द रहेको, त्यसमध्ये कति तत्सम शब्द रहेको, तत्सम शब्दको प्रयोगको प्रतिशत कति रहेको, कुन पाठमा कुन कुन तत्सम शब्दहरू कति पटक आवृत्ति भएको भन्ने कुरा तालिका सहित प्रष्ट पारिएको,
- तत्सम शब्दहरूको वर्ग अन्तर्गत नाम, विशेषण र क्रियायोगी आदिको आधारमा छुट्याइएको,
- तत्सम शब्दहरूको व्युत्पादन हुने शब्दहरूको व्युत्पत्ति प्रक्रिया देखाइएको र नहुने मूल शब्दलाई जस्ताको तस्तै राखिएको,
- शब्द प्रयोगका दृष्टिले सबै भन्दा धेरै शब्दहरूको प्रयोग "म को हुँ" निबन्धमा (१४६९) रहेको छ भने सबै भन्दा थोरै शब्दहरूको प्रयोग "जैविक खेती" निबन्धमा (१०८६) रहेको,
- शब्द प्रयोग दृष्टिले चार वटा कथाहरू मध्ये सबैभन्दा धेरै शब्दहरूको प्रयोग "दुई मितको कथामा (१६२९) ओटा शब्दहरू रहेका छन् भने सबैभन्दा थोरै शब्दहरूको प्रयोग डाक्टर अङ्कल "कथामा (११९१) ओटा शब्दहरू रहेको,
- तत्सम शब्दको प्रयोगका दृष्टिले सबैभन्दा बढी तत्सम शब्दको प्रयोग भएका कथा बन्धनबाट मुक्ति (१८०) ओटा शब्दहरू रहेका छन् भने सबैभन्दा थोरै तत्सम शब्दहरूको प्रयोग दुई मितको कथामा (१५४) ओटा शब्दहरू रहेको,

- प्रतिशतका दृष्टिले सबैभन्दा धेरै तत्सम शब्दहरूको प्रयोग भएको कथा "बन्धनबाट मुक्ति" (१५.०७) प्रतिशत रहेका छन् भने सबै भन्दा थोरै तत्सम शब्दहरूको प्रयोग भएको कथा "दुई मितको कथा" (१०.५२) प्रतिशत रहेको,

## ५.२ उपयोगिता

कुनै पनि अध्ययन वा कार्यका पछाडि कुनै न कुनै सकरात्मक र नकरात्मक पक्षसँगै जोडिएर आउने गर्दछन् । कक्षा नौको नेपाली पाठ्यपुस्तमा रहेका निबन्ध र कथा विधाको अध्ययनले तत्सम तथा नेपाली भाषाको बारेमा अध्यापन गर्न चाहने संस्था वा व्यक्तिलाई कुनै न कुनै अवस्थामा सहयोग र फाइदा पुग्ने देखिन्छ । त्यसैले यस शोधकार्यको पनि केहि उपयोगिताहरू यहाँ उल्लेख गरिन्छ ।

- कक्षा नौमा अध्ययन गर्ने विद्यार्थीहरूलाई नेपाली भाषामा प्रचलनमा रहेका शब्दहरू के कस्ता तत्सम शब्दहरूको प्रयोग रहेको छ भनि पहिचान गर्न सहयोग पुग्ने देखिन्छ ।
- कक्षा नौको नेपाली विषय अध्यायन गर्ने शिक्षकहरूलाई प्रयुक्त निबन्ध र कथा विद्यामा रहेका तत्सम शब्द पहिचान गरी शिक्षण गर्न सहयोग पुग्ने देखिन्छ ।
- निबन्ध र कथा विद्यामा प्रयोग भएका तत्सम शब्दहरूको भाषा स्रोत पत्ता लगाई नेपाली भाषामा कुनकुन भाषाबाट शब्दहरू सापटीको रूपमा आएका छन् भन्ने कुरा पत्ता लगाउन सहयोग पुग्ने देखिन्छ ।
- कक्षा नौको नेपाली पाठ्यपुस्तकमा समावेश भएको निबन्ध र कथा विद्यामा प्रयोग भएका आगन्तुक शब्दको मात्र नभएर भाषा पाठ्यपुस्तकमा परिष्कार एवम् परिमार्जन गर्न सहयोग पुग्ने देखिन्छ ।
- यस शीर्षकसँग सम्बन्धित रहेर अध्ययन गर्न भावी अध्ययन कर्तालाई सहयोग पुग्ने देखिन्छ ।

### ५.२.१ नीतिगत तह

नेपाली तथा संस्कृत भाषाको महत्त्व दर्शाउन यो अध्ययनले नीतिनिर्माणको तहमा निम्नानुसार सहयोग पुग्ने देखिन्छ ।

क. पाठ्यक्रममा स्तर अनुकुल तत्सम शब्दहरू भएको निबन्ध र कथा समावेश गर्न,

ख. भाषाको पाठ्यक्रम परिमार्जन गर्न,

ग. तत्सम शब्दको महत्त्वलाई ध्यान दिदै निबन्ध र कथाको विषयवस्तु हेरेर त्यसै अनुसार तत्सम शब्दहरू निबन्ध र कथामा समावेश गर्न ,

घ. तत्सम शब्दको महत्त्व ज्यादै भएकाले स्तर अनुकूल सरल तथा जटिल किसिमका तत्सम शब्द प्रयोग भएका निबन्ध र कथा विद्याको पाठ्यक्रममा समावेश गर्न ,

ङ. तत्सम शब्द नेपाली भाषाको जननी भाषा भएकाले नेपाली भाषाको विकासमा तत्सम शब्द बढी भएका निबन्ध र  कथा विद्याको पाठ्यक्रममा समावेश गर्न,

### ५.२.२ कार्यान्वयन तह

तत्सम शब्दले नेपाली भाषाको विकासमा प्रत्यक्ष सहयोग पुऱ्याउने भएकोले यो शोधपत्रले प्रयोग  तहमा पनि सहयोग पुऱ्याउने देखिन्छ । यो शोधपत्रले कक्षा नौमा प्रयोग भएका निबन्ध र कथाहरूको अवस्थामा सम्बन्धित पक्षको ध्यानाकर्षण गर्दै पाठ्यक्रममा तत्सम शब्दको प्रयोग बढी मात्रामा निबन्ध र कथा छनोट गर्न त्यसै अनुरूप तत्सम शब्दको प्रयोग गर्न र सजिला शब्द भन्दा कठिन शब्दहरूको बढी आवृत्ति भएका निबन्ध र  कथा समावेश गर्न, पाठ्यपुस्तकको निबन्ध र कथा विद्यामा प्रयुक्त तत्सम शब्दको भाषा स्रोत तथा त्यसको सटिक अर्थ पत्ता लगाई शिक्षण गर्दा शिक्षण सिकाई बढी प्रभावकारी हुने देखिन्छ । भाषा पाठ्यपुस्तक अन्तर्गत तत्सम शब्द सम्बन्धि विभिन्न योजनाहरू निर्माण गरी सोही अनुसार प्रभावकारी शिक्षण गर्न सहयोग पुग्ने देखिन्छ । भाषा पाठ्यपुस्तमा समावेश गरिएका शब्दभण्डारको नियमित अध्ययन अनुसन्धान गर्ने बानीको विकास गर्नमा यस अनुसन्धानले सहयोग पुग्ने देखिन्छ । तत्सम शब्दको शब्द वर्ग, बनोट, प्रक्रिया र अर्थको जानकारी हुने भएकोले यसको अध्ययनले शिक्षण कार्यमा सहायेग पुगने देखिन्छ । नेपाली भाषाको बारेमा गहिरो अध्ययन गरिरहेका विद्यार्थी एवम् प्राध्यापक वर्गलाई सहयोग पुग्ने देखिन्छ ।

### ५.३ सुझाव

कक्षा नौको अनिवार्य नेपाली पाठ्यपुस्तक भित्रका निबन्ध र कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन र विश्लेषणबाट निकालिएको निष्कर्षका आधारमा निम्नलिखित सुझाबहरू प्रस्तुत गरिएको छ :

- कक्षा नौको अनिवार्य नेपाली पाठ्यपुस्तकमा प्रयुक्त निबन्ध र कथा विद्यामा तत्सम शब्दहरू सरल खालको हुनु पर्ने देखिन्छ ।
- निबन्ध र कथा विद्याका तत्सम शब्दहरूलाई सरलबाट जटिलको क्रममा राख्नु पर्ने देखिन्छ ।
- कक्षा नौमा विद्यार्थीहरूको मानसिक, बौद्धिक, उमेरगत, कक्षगत तहगत स्तरलाई ख्याल गरी तत्सम शब्दहरू छनोट गर्नु पर्ने देखिन्छ ।

- कुनै पाठमा धेरै र कुनै पाठमा थोरै तत्सम शब्दहरूको प्रयोग भएको देखिन्छ तर यसो नभएर समान तत्सम शब्दहरूको प्रयोग भएका निबन्धहरू समावेश गरिनुपर्दछ
- कथा विद्यामा कुनैमा धेरै र कुनै कथामा थोरै प्रयुक्त तत्सम शब्दको प्रोग भएको पाइन्छ तर सबै कथामा समान रूपमा तत्सम शब्द प्रयोग गरिएका कथाहरू समावेश गरिनु उपयुक्त देखिन्छ ।
- कक्षा नौ को पाठ्यपुस्तकमा निबन्ध र कथा विद्या छनोट गर्दा तत्सम, तद्भव र आगन्तुक तीनै स्रोतबाट आएका शब्दहरू छनोट गर्नु पर्ने देखिन्छ ।
- विद्यार्थीहरूको रुचि, क्षमता र पूर्वज्ञानको आधारमा तत्सम शब्द चयन गर्नु आवश्यक देखिन्छ ।
- सबै निबन्ध र कथा विद्याको अन्त्यमा कठिन तत्सम शब्दहरूको शब्दार्थ स्तम्भ राखिनुपर्ने देखिन्छ ।
- विद्यार्थीको स्तर र क्षमता अनुसार कथा र निबन्ध विधामा शब्दहरू कठिन पाइएकाले त्यस्ता कठिन शब्दहरू प्रयोग नगर्नु उपयुक्त देखिन्छ ।
- निबन्ध र कथा विद्यामा सजिलो तत्सम शब्दहरूको आवृत्ति धेरै पटक भएकोले उपयुक्त रूपमा निबन्ध र कथामा तत्सम शब्दको आवृत्ति गर्नु पर्ने देखिन्छ ।
- विद्यार्थीको स्तर क्षमता अनुसार पाठ्यक्रम निर्माण गर्नुपर्ने देखिन्छ ।

## ५.४ भावी अनुसन्धानका लागि सम्भावित शीर्षकहरू

अध्ययन अनुसन्धान निरन्तर हुने प्रक्रिया हो । अनुसन्धान आफैंमा गहन तथा विशिष्ट ज्ञान प्राप्तिको माध्यम हो । त्यसैले अनुसन्धानको क्षेत्र व्यापक रहेकोछ । यस शोध अध्ययनले समेटन नसकेका विषयहरू धेरै छन् । कक्षा नौको अनिवार्य नेपाली विषयमा रहेका तत्सम शब्दसँग सम्बन्धित रहेर अनुसन्धान हुन बाँकी नै देखिन्छ । तत्सम शब्द सम्बन्धी शोध अध्ययनका लागि धेरै शीर्षकहरू हुन सक्छन् । ती मध्ये केहि सम्भाव्य शीर्षकहरू निम्नलिखित छन् :

- कक्षा नौको नेपाली पाठ्यपुस्तकको जीवनी विद्यामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन ।
- कक्षा नौको नेपाली पाठ्यपुस्तकको कथा विद्यामा प्रयुक्त तत्सम शब्दको विश्लेषण ।

- कक्षा नौको नेपाली पाठ्यपुस्तकको कविता विद्यामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन ।
- कक्षा नौको नेपाली पाठ्यपुस्तकको निबन्ध विद्याामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन ।
- कक्षा नौको नेपाली पाठ्यपुस्तकमा समाविष्ट एकाङ्की विद्यामा प्रयुक्त तत्सम, तद्भव शब्दहरूको अध्ययन ।

## सन्दर्भ सूची


अधिकारी, हेमाङ्गराज र अन्य (२०७२), ***नेपाली वृहत शब्दकोश,*** काठमाडौं : नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान ।

अधिकारी, हेमाङ्गराज र बद्रीविशाल भट्टराई (२०६६), ***प्रयोगात्मक नेपाली शब्दकोष,*** काठमाण्डौं : विद्यार्थी पुस्तक भण्डार ।

कार्की, प्रदिप (२०७०), ***कक्षा दशको नेपाली पाठ्यपुस्तकमा समाविष्ट निबन्ध र कथा विद्यामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन*** (अप्रकाशित स्नातकोत्तर शोधपत्र), इटहरी, सुनसरी ।

बस्नेत, नारायण (२०७१), ***स्नातक अनिवार्य नेपालीको कथा विधामा प्रयुक्त तत्सम शब्दहरू*** (अप्रकाशित स्नातकोत्तर शोधपत्र), जनता बहुमुखी क्याम्पस, इटहरी, सुनसरी ।

नेम्वाङ, देवीमाया (२०७१) ***नेपाली पाठ्यपुस्तकको कथा विधामा तत्सम शब्दहरूको अध्ययन*** (अप्रकाशित स्नातकोत्तर शोधपत्र) जनता बहुमुखी क्याम्पस, इटहरी, सुनसरी ।

अधिकारी, सञ्चिता (२०७५) ***कक्षा नौ र दशको नेपाली पाठ्यपुस्तकमा समाविष्ट निबन्ध विद्यामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन*** (अप्रकाशित स्नातकोत्तर शोधपत्र) जनता बहुमुखी क्याम्पस, इटहरी, सुनसरी ।

पौडेल, उमिता (२०७५) ***कक्षा नौको नेपाली पाठ्यपुस्तकको कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन*** (अप्रकाशित स्नातकोत्तर शोधपत्र), जनता बहुमुखी क्याम्पस, इटहरी, सुनसरी ।

गौतम, अमृता (२०७२), ***कक्षा आठको नेपाली भाषा पाठ्यपुस्तकका कथ विधामा प्रयुक्त तत्सम शब्दको अध्ययन*** अप्रकाशित स्नातकोत्तर शोधपत्र), जनता बहुमुखी क्याम्पस, इटहरी, सुनसरी ।

नेपाल प्रज्ञा प्रतिष्ठान (२०४०), ***नेपाली वृहत शब्दकोष, प्रथम संस्करण,*** काठमाडौं : प्रज्ञा छापाखाना ।

पाठ्यक्रम विकास केन्द्र (२०६४), ***माध्यमिक शिक्षा पाठ्यक्रम भाग -१,*** सानोठिमी भक्तपुर : नेपाल सरकार, शिक्षा तथा खेलकुद मन्त्रालय ।

न्यौपाने, टङ्कप्रसाद (२०५१), ***भाषाविज्ञानको रूपरेखा,*** धरान : नेपाल बुक डिपो ।

बराल, राधिका (२०७४), ***वि.एड प्रथम बर्षको ऐच्छिक नेपाली अन्तगर्त कथा विधामा प्रयुक्त तत्सम शब्दहरूको अध्ययन*** (अप्रकाशित स्नातकोत्तर शोधपत्र) इटहरी, सुनसरी ।

राई, कमलसरी (२०७४), ***उर्वशी खण्डकाव्यमा प्रयुक्त तत्सम शब्दको अध्ययन*** (अप्रकाशित स्नातकोत्तर शोधपत्र) जनता बहुमुखी क्याम्पस ।